ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३१८ ॥ शनिबार २६ बैशाख २०८३ ॥ सप्तमी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Saturday 9 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

अवैध सालको काठसहित गाडी नियन्त्रणमा, चालक फरार

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले अवैध सालको काठसहित एउटा गाडी नियन्त्रणमा लिएको छ । शुक्रबार बिहान १ बजेर ४० मिनेटको समयमा विशेष सूचनाको आधारमा बडा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले चौघडाबाट हेटौंडातर्फ आउँदै गरेको वा २० च १८६१ नम्बरको योद्धा गाडीलाई हेटौंडा-५ क्याम्पाडाँडामा रोकी सुरक्षाजाँच गर्न खोज्दा फरार भएको थियो ।

प्रहरी टोलीले गाडीलाई पछ्याउँदै हेटौंडा-२, सानोपोखरा राचोकस्थित भित्री सडक खण्डबाट नियन्त्रणमा लिएको थियो । तर चालक भने घटनास्थलबाट फरार भएका छन् । गाडीको जाँचका क्रममा त्रिपालले छोपेर लुकाइ ल्याएको ४१ थान सालको काठ बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद काठको परिमाण ७२.५९ क्युफिट रहेको छ ।

प्रहरीले काठसहित गाडी नियन्त्रणमा लिई आवश्यक अनुसन्धानका लागि डिभिजन वन कार्यालय हेटौंडा पठाएको जनाएको छ । चालकको खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ ।

"हुप्रचौरा खाली राखौं " अभियानले बुझायो ज्ञापनपत्र

हुप्रचौरमा स्थायी संरचना नबनाऔं

माधव न्यौपाने

हेटौंडा/हेटौंडा उपहानर पलिका वडा नम्बर-४ स्थित हुप्रा चौरभित्रै निर्माण हुन लागेको जेष्ठ नागरिक विश्राम स्थलको निर्माण कार्य रोक्न सुरु भएको "हुप्रचौरा खाली राखौं " अभियानले शुक्रबार सरोकारवाला निकायमा करिब ४०० जनाको हस्ताक्षरसहित ज्ञापनपत्र बुझाएको छ ।

तत्काल काम रोक्नुपर्छ : महत

हेटौंडा/हेटौंडाको हुप्रचौर खुल्ला राखौं अभियानद्वारा अघि सारिएको अभियानलाई हेटौंडा उपमहानगरपालिकाका पूर्व नगर प्रमुख हरिबल महतले हुप्रचौरमा कुनै पनि बहानामा साधुरो बनाउन नहुने बताएका छन् ।

उनले बृद्ध विश्रामस्थल बनाउनु पर्छ यो राम्रो काम हो तर स्थान चयन गलत भएको भन्दै हाललाई उक्त स्थायी प्रक्रितिको संरचना निर्माण रोकिनुपर्नेमा उनले जोड दिए ।

महत भन्छन्, 'यदी बजेट नै बिनियोजन भईसकेको भए नजिकै अन्य जग्गाहरु पनि उपलब्ध हुन सक्छन् म उपयुक्त जग्गा देखाउन र मिलाउन पनि सक्छु तर सरोकार-वाला पक्षले एक पटक पनि यो बिषयमा सल्ला ह गर्न नचाहेकोप्रति मेरो पनि बिमतिं छ ।

लोकतान्त्रिक हुप्चौर व्यवस्थापन समितिका संयोजक समेत रहेका महतले हुप्रचौर केवल ४ नम्बर वडाको मात्र सम्पत्ती होईन, र कही जनप्रतिनिधिले मेरो अन्तर्गत रहेको भनेर दावी गरेमा मेरो आपत्ति रहनेछ । हेटौंडालाई आवश्यक यस्ता संरचना निर्माणको लागि खुल्ला चौरभन्दा नजिक अन्य स्थानहरु पनि छन् कि अहिलेका जनप्रतिनिधिले कि आफुले खोज्ने प्रयास गर्नुपर्छ कि अग्रजहरुसंग सल्लाह गरेर काम गर्नुपर्छ ।

बागमती प्रदेश संस्कृती तथा पर्यटन मन्त्रालयअन्तर्गतको बजेटबाट पर्यटन विकास आयोजना हेटौंडाले उक्त भवन निर्माण कार्य गरेको हो । 'हुप्रचौर खाली राखौं' अभियानका टोलीले शुक्रबार मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी बसन्तराज अधिकारी, हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मिना लामा र पर्यटन विकास आयोजनाका आयोजना प्रमुख रोशन सेनलाई ज्ञापनपत्र बुझाएका छन् ।

पर्यटन विकास आयोजनाको

काम रोकिन्छ : प्रजिअ

हेटौंडा/हेटौंडाको हुप्रचौर खुल्ला राखौं अभियानद्वारा अघि बढाईएको अभियानलाई मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी बसन्तराज अधिकारीले काम रोक्नुपर्ने बताएका छन् ।

हुप्रचौर तत्कालिन हेटौंडा नगर बिकास समितिको जग्गा हो, हाल उक्त समिति हेटौंडा उपमहानगर पालिकाअन्तर्गत छ, त्यसको एउटा सदस्य जिल्ला प्रशासन कार्यालय पनि भएकोले हामीलाई यो बिषय जानकारी नै नभएकोले सर्वप्रथम छलफल हुनुपर्नेमा जोड दिए । निर्माण कार्य सुरु नै भईसकेकोले धेरै बिरोध आएकोले यो काम तत्काल रोक्न मैले तालुकदार निकायलाई भनिसकेको उनले जानकारी गराए ।

अभियान टोलीले प्रजिअ शुक्रबार अधिकारीलाई ३८६ जनाको हस्ताक्षरसहित ज्ञापन पत्र बुझाएका छन् । ज्ञापनपत्र बुझ्दै अधिकारीले परोपकारी काम भएता पनि धेरै बिरोध भएकोले काम रोकिनु पर्छ र म रोक्छु उनले भने

प्रजिअ अधिकारीले जिल्लाको कुनै पनि बिकास निर्माणका काम सुरुगर्नु पूर्व स्थानीयबासीसंग ब्यापक छलफल गरेर मात्र काम सुरु गर्न सुझावसमेत दिएका छन् । यसो नगर्दा सरकारी बजेटको दुरुपयोग हुन सक्ने भन्दै काम गर्ने र सेवा लिनेलाई सन्तुष्ट बनाउनु पर्नेमा उनको जोड छ ।

काम रोकन निर्देशन : आयोजना प्रमुख सेन

हेटौंडा/हेटौंडाको हुप्रचौरमा निर्माणाधिन बृद्ध आश्रम स्थल हाललाई रोक्न निर्माण व्यवसायी-लाई निर्देशन दिएको पर्यटन बिकास आयोजना मकवानपुरका आयोजना प्रमुख रोशन सेनले बताएका छन् ।

शुक्रबार हुप्रचौर खुल्ला राखौं अभियान टोलीले निर्माणाधिन भवनको काम रोक्न दिएको ज्ञापनपत्र बुझ्दै सो काम रोक्न निर्देशन दिएको बताए । अभियानले सञ्चालन गरेको हस्ताक्षर अभियानसहितको ज्ञापनपत्र बुझ्दै आयोजना प्रमुख सेनले सबै पक्षको सहमति भएमा मात्र काम अघि बढाइने बताए ।

बागमती प्रदेश सरकारको कामलाई आयोजनाले ठेक्कामाफर्त काम गराएको जानकारी दिदै उनले अब हामी बडा कार्यालयसंग समन्वयन र बहुत छलफलपछि मात्र कामको बारेमा सोच्नेछौं उनले भने ।

बागमती प्रदेश सरकार प्रदेशबासीलाई सुबिधा प्रदान गर्न चाहान्छ यदी कुनै आयोजनामा बिवाद छ भने वा स्थानीयबासीले बिरोध गरेका छन् भने हामी आयोजनाबाट हात झिक्न सक्छौं, यसका लागि हामी तयार छौं उनले भने ।

अभियान सफल छ : -सरोकार समिति

हेटौंडा/हेटौंडा-४ हुप्रचौरमा निर्माणाधिन कङ्क्रिट संरचनाको काम तत्काल रोक्न हुप्रचौर सरोकार समितिले सरोकारवाला निकायहरुसंग आग्रह गरेको छ ।

समितिका संयोजक दिपक खड्का तथा सहसंयोजक कमल मैनालीले हुप्रचौरलाई कुनै पनि बहानामा मिचेर साँधुरो बनाउन नपाईने र कुनै निकायले जबरजस्ती गरेमा आन्दोलन गरिने बताएका छन् ।

सहसंयोजक मैनालीले यसअघि पनि हेटौंडा उपमहानरपालिकाको अगुवाईमा सटर बनाएर ब्यवसायीक सटर निर्माण क्षेत्र बनाउने योजनामा पनि हामीले धेरै संघर्ष गर्दै सो योजना रोकेको स्मरण गर्दै खुल्ला चौर कुनै पनि बहानामा साधुरो नबनाउन हाम्रो खबरदारी रहनेछ उनले भने ।

हल्ला हुन्छ तर काम रोकिदैन: -नविन सिग्देल

जेष्ठ नागरिकलाई घाम पानी परेको बेलामा ओत लाग्नकै लागि भनेर बृद्ध आश्रम स्थल यानी ओतस्थल हुन्छ भनेर निर्माण गर्ने सोच बनाएका हौं, उनले भने, 'यसमा विरोध गर्नुपर्ने कुनै कारण म देख्दिन ।

अहिले जसजसले जति नै विरोध नै गरे पनि कुनै माईकलाललाले काम रोक्न सक्ने स्थिति छैन र निर्माण कार्य हुन्छ हुन्छ ।' आमनगरबासीलेले कुनै भ्रम नपाल्दा हुन्छ त्यो भवन बनेरै छाड्छ । जनताको अमुल्य मतबाट बिजयी जनप्रतिनिधिलाई कुनै २/४ जना व्यक्तिगत स्वार्थ राखेका व्यक्तिहरुले हल्लाउन सक्ने अवस्था पनि छैन र यो बिषयलाई हल्लारुपमा नलिन उनले चेतावनीसमेत दिए ।

हेटौंडा/हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलले जेष्ठ नागरिक विश्राम स्थलको निर्माण प्रक्रिया कुनै पनि हालतमा नरोकिने दावी गरेका छन् ।

बागमती प्रदेश सरकारको नियमानुसार ठेक्का आह्वान भएर निर्माण कार्य नै अघि बढिसकेको अवस्थामा काम कुनै पनि हालतमा नरोकिने उनले दावी गरे । 'हाम्रो कुनै स्वार्थले विश्रामस्थल बनाउन थालेका होइनौं, समाजका अग्रज तथा १८ लाख लागतमा निर्माण हुन गइ-रहेको उक्त विश्राम स्थल निर्माण गर्दा हुप्रचौरमा खाली जमिन मासिने र भवन नै भवन हुन सक्ने भन्दै स्थायी प्रकितिका भौतिक संरचना निर्माण कार्य रोक्न उनीहरुले ज्ञापनपत्र बुझाएका हुन् ।

५ दशकअघि हुप्रचौरलाई भूकम्पलगायतका आपतकालिन समयमा उपभोग हुने खालको खुल्ला चौरको अवधारणा बिपरित काम हुन लागेको भन्दै काम रोक्न अभियानले माग गरेको हो । तत्कालिन नगर बिकास समितिका पदाधिकारीहरुले देखेको खुल्ला चौरको अवधारणालाई हालका जनप्रतिनिधिले बिभिन्न बहानामा चौर साँधुरो बनाएकोमा रोष प्रकट गर्दै अबका दिनमा हुप्रचौरभित्र कुनै पनि स्थायी प्रकृतिका संरचना बनाउन नदिने उनीहरुले सामाजिक सञ्जाल मार्फत् आग्रह गरेका छन् ।

राष्ट्रिय रोटरी माविको अभिभावक भेला सम्पन्न

सन्देश संवाददाता

हेटौंडा/मनहरी-७ स्थित राष्ट्रिय रोटरी माविको २९औं अभिभावक भेला बुधवार सम्पन्न भएको छ । भेलाले विद्यालय व्यवस्थापन समितिको सदस्यहरु चयन गरेको छ । चयन भएका सदस्यहरुमा माया सुनार, सीता भ्लोन, रञ्जु परियार, सावित्री मोक्तान रहेका छन् । ७ सदस्यीय समितिका लागि बाँकी सदस्यहरु पदेन रुपमा विद्यालय प्रधानाध्यापक, शिक्षक प्रतिनिधी तथा बडा कार्यालयको प्रतिनिधी रहने छन् ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य प्रशान्त उप्रेतीले ऐलानी जग्गामा बनेका विद्यालयहरुमा सरकारबाट प्राप्त निर्माण सहयोगहरु प्रयोग गर्न नपाइएको भन्ने गुनासो बढिरहेकोले समस्या समाधानका लागि पहल गरिने बताए ।

ऐलानी जमिनमा विद्यालय हुँदा पाइने बजेट रोकिने समस्या देशैभर रहेकोले यसको दिर्घकालीन समाधान खोजिनेसमेत बताए । कार्यक्रममा मनहरीमा रोटरी माबि मात्र नभई करिब ९० प्रतिशत नै ऐलानी जग्गामा सञ्चालित भएकोले यो समस्या निराकरण गर्नुपर्नेमा उनले जोड दिए ।

अभिभावक भेलाको अवसरमा शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । यस्तै शिक्षक अभिभावक संघको अध्यक्षमा शर्मिला अर्याल हमाल सर्वसम्मत चयन भएका छन् ।

प्रतिनिधिसभा सदस्य प्रशान्त उप्रेतीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा मनहरी गाँउपालिकाका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, बडा नम्बर ७ का अध्यक्ष ठाकुरराम तिलुङ, विद्यालय बाल क्लबकी अध्यक्ष उपमा स्याङतानलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

८८ सहकारीको दर्ता खारेज

सन्देश संवाददाता

वीरगञ्ज/वीरगञ्ज महानगर पालिकाले आफ्नो क्षेत्राधिकारभित्र पर्ने ८८ वटा सहकारी संस्थाको दर्ता खारेज गर्ने प्रक्रिया अघि बढाएको छ ।

महानगरले निष्क्रिय सहकारी संस्थाहरुको दर्ता खारेज गर्ने ३५ दिने सूचना प्रकाशित गरेको छ । वीरगञ्ज महानगरको क्षेत्राधिकार अन्तर्गत सञ्चालनमा रहेका सहकारी संस्थाहरुमध्ये कारोबार नगरी निष्क्रिय ८८ सहकारीको दर्ता खारेजी प्रक्रियामा समावेश गरिएको महानगरले जनाएको छ ।

ती सहकारी संस्थाहरुले महानगरको सहकारी ऐन, नियमावली बमोजिम बुझाउनुपर्ने मासिक प्रगति प्रतिवेदन, वार्षिक साधारणसभाको निर्णय प्रतिलिपि, वार्षिक लेखा परीक्षण प्रतिवेदन तथा कोपोमिसमा प्रविष्टिसमेत नगरी पूर्णरूपमा सम्पर्कविहीन भएको महानगरले जनाएको छ ।

महानगरको सहकारी ऐन २०७४ को दफा ६६ को उपदफा ३ बमोजिम कारवाही गर्न आवश्यक देखिएको हुँदा दर्ता खारेजी प्रक्रियामा लगिएको र ऐनको दफा ६६ को उपदफा ४ बमोजिम सुनुवाइका लागि ३५ दिने सूचना प्रकाशन गरिएको महानगरले जनाएको छ ।

बागमती विश्वविद्यालयको एक्सन

हेटौंडा क्याम्पसमा नयाँ शैक्षिक कार्यक्रम सञ्चालनको तयारी

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-४ मा रहेको हेटौंडा क्याम्पसले बागमती विश्व-विद्यालयसंगको सहकार्यमा आगामी शैक्षिक सत्रदेखि बिभिन्न नवीन तथा समयसापेक्ष शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने तयारी गरेको छ ।

क्याम्पसले आयोजना गरेको 'नवीन शैक्षिक कार्यक्रम र करियरका अवसरहरु' बिषयक अन्तरक्रिया कार्यक्रममार्फत् नयाँ शैक्षिक कार्यक्रमहरुको बारेमा जानकारी गराउँदै सरोकारवालाबाट राय सुझाव संकलन गरिएको हो ।

शुक्रबार क्याम्पसको सभा हलमा आयोजित अन्तरक्रिया कार्यक्रममा क्याम्पस प्रमुख डाक्टर देवचन्द्र मानन्धरले स्थानीयस्तरमै गुणस्तरीय तथा व्यावसायिक शिक्षा उपलब्ध गराउँदै विद्यार्थीलाई आधुनिक ज्ञान, सीप र रोजगारीसंग जोड्ने उद्देश्यले नयां र अध्यायत पश्चात रोजगारीको सुनिश्चितता भएको बिषयका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न लागिएको जानकारी गराएका थिए ।

क्याम्पस प्रशासनका अनुसार सूचना प्रविधि स्नातक (बीआइटी), व्यवसाय प्रशासन स्नातक, पांच वर्षे एकीकृत कानून स्नातक (बीएएल-एलबी) तीन वर्षे कानून स्नातक, होटल व्यवस्थापन स्नातक (एच.ए) तथा शिक्षाशास्त्र स्नातक (बीएड) लगायतका कार्यक्रम सञ्चालनको तयारीमा रहेको र अन्य नवितनम बिषयहरु आगामी दिनमा सञ्चालन सञ्चालन गरिने बताए ।

शैक्षिक कार्यक्रमअनुसार सूचना प्रविधि कार्यक्रमअन्तर्गत सफ्टवेयर निर्माण, डाटाबेस व्यवस्थापन, नेटवर्किङ तथा साइबर सुरक्षासम्बन्धि अध्ययन गराइने क्याम्पसले जनाइएको छ । यस अध्ययनपछि विद्यार्थीले सफ्टवेयर इन्जिनियर, वेभ डिजाइनर, साइबर सुरक्षा विशेषज्ञ तथा आईटी व्यवस्थापकहरूमा करियर बनाउन सक्ने क्याम्पसले दावी गरेको छ ।

त्यसैगरी बीबीए कार्यक्रम मार्फत् नेतृत्व क्षमता, व्यवस्थापन कला तथा व्यावसायिक रणनीतिको बिकासमा जोड दिइनेछ । बैंकिङ, वित्तीय संस्था, मार्केटिङ तथा मानव संशाधन व्यवस्थापन क्षेत्रमा रोजगा-रीका अवसररहरु सिर्जना हुने विश्वास क्याम्पसको रहेको छ ।

यस्तै कानून शिक्षातर्फ बीएएलएलबी/एलएलबी कार्यक्रम मार्फत् न्यायिक प्रणाली, संविधान, फौजदारी तथा दिवानी कानूनको गहिरो अध्ययन गराइनेछ । अध्ययन पछि अधिवक्ता, न्यायाधीश, सरकारी वकील तथा कानूनी सल्लाहकारका रूपमा धेरै अवसररहरु स्थानीय पालिकाहरुमा पनि संभावना रहेकोले शैक्षिक कार्यक्रमहरु ल्याईएको क्याम्पस व्यवस्थान समितिका अध्यक्ष आनन्दराम पराजुलीले जानकारी गराए ।

यस्तै हस्पिटालिटी तथा पर्यटन क्षेत्रमा रुचि राख्ने विद्यार्थीका लागि एचए कार्यक्रम ल्याइएको क्याम्पसले जनाएको छ । यसअन्तर्गत होटल सञ्चालन, पाहुना सत्कार, खाना तथा पेय पदार्थ सेवासम्बन्धि शैक्षिक तथा व्यावहारिक ज्ञान प्रदान गरिने भएको हो ।

त्यसैगरी बीएड कार्यक्रमलाई आधुनिक र प्रविधिमैत्री बनाइएको छ । यसमा डबल मेजर, व्यावसायिक विषय तथा सूचना प्रविधिसम्बन्धि पाठ्यक्रम समावेश गरिएको क्याम्पस सञ्चालक समितिका अध्यक्ष पराजुलीले बताए । क्याम्पसले यी कार्यक्रम सञ्चालनसंगै हेटौंडालाई शैक्षिक केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ । स्थानीय स्तरमै गुणस्तरीय शिक्षा उपलब्ध हुँदा उच्च शिक्षाको लागि विद्यार्थीले बाहिर जिल्ला वा देशको राजधानीमा महंगो खर्च ब्यहोरेर तथा परिवार संग टाढा रहेर गरिने शैक्षिक उपलब्धी हासिल यही सुपथ मुल्यमा उपलब्ध गराएका छौं ।

आफ्नै पुख्यौली घरमा बसेर आफ्नो आमाले पकाएको तातो भात खाएर नजिककैको कलेजमा अध्ययन गर्न पाउनु पनि अहोभाग्य हुन सक्छ विद्यार्थीको लागि । यसमा समय र खर्च पनि बचत हुने तथा दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने विश्वास अध्यक्ष पराजुलीले गरे ।

कार्यक्रममा सहभागी सरोकार वालाले पाठ्यक्रमको प्रभावकारिता, पूर्वाधार तयारी, दक्ष जनशक्ति व्यवस्थापन तथा बजारको माग अनुसारको शिक्षामा जोड दिनुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा डाक्टर लिलानाथ ढुंगेल, डाक्टर विजय नेपाल, प्राध्यापक अर्पण पराजुली, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाई, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले विद्यार्थीको चाप हेरेर मात्र शैक्षिक योजना बनाउन सुझाएका थिए ।

रासायनिक मलको अभाव

सन्देश संवाददाता

वीरगञ्ज/खेतीपातीको सुरु भएसँगै मधेश प्रदेशमा फेरी रासायनिक मलको अभाव भएको छ । मकै, चैते धान र उखु खेतीका लागि अत्यावश्यक मानिने डीएपी र युरिया मल समयमा उपलब्ध नभएपछि किसानहरू निराश मात्र नभई आक्रोशितसमेत बनेका छन् ।

मधेश प्रदेशलाई मुलुककै प्रमुख अन्न भण्डार भनिन्छ । धान, गहुँ, मकै, उखु तथा तरकारी उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने मधेशमा मल अभावले खेती प्रणाली नै प्रभावित हुने अवस्था सिर्जना हुँदा किसानहरू चिन्तित देखिएका छन् । आवश्यक मल, भरपर्दो सिँचाइ र उन्नत बीउ अभावले उत्पादन घट्दै गएको किसानहरुको भनाई छ ।

धनुषाका किसान रामप्रसाद साहले भने 'सरकारले कृषि उत्पादन र आत्मनिर्भरताको नारा दिएपनि व्यवहारमा किसानलाई आवश्यक सेवा दिन सकिरहेको छैन ।' यतिबेला मधेशका अधिकांश किसान मकै बालीमा मल हाल्ने तयारीमा छन् भने केही सातापछि धान रोपाईको सिजन सुरु हुँदैछ ।

तर, सरकारी अनुदानको मल पर्याप्त मात्रामा उपलब्ध नभएपछि किसानहरू निजी बजार धाउन बाध्य भएका छन् । निजी बजारमा पनि मल सहज रूपमा नपाइने र पाइए पनि चर्को मूल्य तिर्नुपर्ने अवस्था रहेको किसानहरू बताउँछन् । सलाहीको नवलपुरका किसान अशोक झाले बजारमा मलको अभावसँगै कालोबजारी मौलाएको गुनासो गरेका छन् । उनका अनुसार सरकारी बिक्री केन्द्रमा मल नपाइएपछि किसानहरू निजी व्यापारीको भर पर्न बाध्य छन् । त्यहाँ मनोमानी मूल्य असुल भइरहेको छ ।

उनले भने 'उखु रोप्ने बेला भइसक्यो । तर, मल पाइएन,' उनले भने, 'सरकारी गोदाम खाली छ, निजी पसलमा महँगोमा बेचिरहेका छन् ।' धनुषाको नगराइन नगर पालिका निवासी ज्योतिष चन्द्र झाले विगतका वर्षहरूमा भारतबाट सीमावर्ती क्षेत्रमा मल ल्याएर केही राहत मिल्ने गरेको भए पनि अहिले सीमा क्षेत्रमा कडाइ बढेपछि समस्या झन् चर्किएको बताए । धान, गहुँ र मकैजस्ता बालीमा मलको मात्रा कम हुँदा उत्पादन आधासम्म घट्न सक्ने कृषकहरू बताउँछन् ।

त्यता, सरकारी निकायले भने मागअनुसार मल आपूर्ति हुन नसक्दा समस्या उत्पन्न भएको बताएका छन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेशका बाली विकास अधिकृत र विन बस्नेतले प्रदेशलाई आवश्यक पर्ने अनुपातमा मलखाद संघबाट उपलब्ध नगराएकाले अभाव हुन गएको बताए । उनले भने 'प्रदेश सरकार आफै मल खरिद गर्ने व्यवस्था छैन, संघीय सरकार मातहतका रहेका साल्ट ट्रेडिङ्ग र कृषि सामग्री कम्पनीमार्फत आपूर्ति हुने हो । आपूर्ति बढाउन पटक पटक माग गरिरहँदा पनि नबढाउँदा समस्या बढेको हो ।

मनहरीका स्थानीयलाई गाउँघरमै राहदानी र राष्ट्रिय परिचयपत्र

सन्देश संवाददाता

मनहरी/नेपाल सरकारको सरकारी सेवा सुधारसम्बन्धि कार्यक्र म अन्तर्गत घरदैलो सेवा अवधारणा लागू गर्दै मकवानपुरको मनहरी गाउँपालिकाबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ ।

शुक्रबार जिल्ला प्रशासन कार्यालय मकवानपुरका कर्मचारी सहित जनप्रतिनिधिसमेतको उपस्थितिमा गाउँपालिका कार्यालय लामिटार ब्लकबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गरियो ।

२०८० असार मसान्तसम्म जिल्ला प्रशासन कार्यालयमा

उपस्थित भई राष्ट्रिय परिचयपत्रको आवेदन दिएका मनहरी स्थायीवासी र हालसम्म राहदानीका लागि आवेदन दिएकाहरुको राहदानी वितरण गर्न जिल्ला प्रशासनको टोली मनहरी पुगेको थियो । गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीलगायतको उपस्थितिमा १४ जनालाई राष्ट्रिय परिचयपत्र र २८ जनालाई राहदानी वितरण गरिएको थियो । जिल्ला प्रशासन कार्यालयमा २०८० असोज मसान्तसम्म राष्ट्रिय परिचयपत्रको आवेदन दिएका करिब ७ हजार जना र हालसम्म राहदानीका लागि आवेदन दिएका ८८ जनाको प्रमाणपत्र बोकेर प्रशासनको टोली मनहरी पुगेको थियो ।

सेवा वितरणलाई सहज, छिटो र प्रविधिमैत्री बनाउने उद्देश्यले सरकारले घरदैलो सेवाको अवधारणा ल्याएको थियो । सो अवधारणा कार्यान्वयन गर्दै राष्ट्रिय परिचयपत्र र राहदानी लिन प्रशासन कार्यालय धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्न गाउँमै पुगी वितरण गरिएको कार्यालयले जनाएको छ । गाउँबाटै राष्ट्रिय परिचयपत्र र राहदानी वितरण गरिनेबारेको सूचना बडा कार्यालयमार्फत् टोल टोलमा पुऱ्याइएको थियो ।

युद्धको युवा जिजीविषा

✍ बुद्धमणि ढकाल

भैरवसिंह सातदोबाटो टोलको त्यो घरमा बस्न आएको लगभग ६ वर्ष हुनलाग्यो । दाङ खानीगाउँका एकजना मान्छेले उसलाई त्यो घरमा बसेर पढ्ने बन्दोबस्त गरिदिएका थिए । कोइला खानीको भारी बोक्ने काम छोडेर घोराही शहर पसेको भैरवसिंह काठमाडौंको गल्लीमा पछारियो । बल्लतल्ल एउटा भवन निर्माण कम्पनीमा बालुवा ईंटा बोक्ने ज्यामी काम पायो र अँध्यारो कोठा किरायामा लियो । रिङरोडको त्यो बस विसौनीमा एकदिन ती डाडका मान्छेसँग भेट भो; उनले एउटा रामो घरमा बस्ने अवसर मिलाइदिए । पासाङ मेलम्चीबाट त्यहाँ आएकी हो । युद्धकालमा पासाङका साथीहरू माओवादीतिर तानिए र छापामार भए । ऊ सात कक्षामा पढ्थी । बाबु-आमाले एकजना दिदीको साथ लाएर काठमाडौं बस्न पठाए, छापामार हुनबाट बचाउका लागि । पासाङ र भैरव एउटै टोलमा बसेका घरेलु कामदार हुन् तर उनीहरू एक-आपसमा भर्खर चिनजान भयो । चिनजानको माध्यम हो सातदोबाटोको गोधुली तरकारी बजार । त्यहाँ उनीहरूको प्रायः हरेक दिनको बेलुकीपख भेट हुनेगर्छ; बोलचाल हुनथालेको भने धेरै भएको छैन ।

पासाङलाई निकैचोटि देखेपछि भैरवसिंहको मन एक तमाशले उद्वेलित भयो, ऊसँग बोल्ने निहुँ खोज्ने जुक्ति सोचिरह्यो । जुक्ति फेला पार्न उसलाई दुई महिना लाग्यो । पासाङलाई बजारमा भेटेको दिन भैरवसिंहको चुरीफुरी अलि बढी हुन्थ्यो । कहिले सुसेला लगाउँदै हिंड्ने, कहिले नजिक गएर ठुल्दाली स्वरमा तरकारीको मोल-मोलाई गर्ने र कहिले उभिएर बाटो छेक्न खोज्ने जस्ता उत्ताउला क्रियाकला गर्न थाल्यो भैरव । उसले पासाङको ध्यान आफूतिर तान्न भरमग्दुर प्रयास गऱ्यो भन्दा फरक पर्दैन । पासाङ धेरैजसो उसकी घरमालिकीसँग बजार भर्न आएकी हुन्थी । मालिकी सँगै भएपछि भैरवको भाले चाला देखेर, बुझेर पनि ऊ प्रतिक्रिया दिन सक्दिनथी । मालिकीले थाहा पाएको बखत उसलाई शंका गर्ने ठाउँ मिल्थ्यो । त्यसैले पासाङ त्यो युवा फुर्तीलाई देखेको नदेखै गरिरहेकी थिई । एकदिन मौका जुऱ्यो । "तँ चिता म पुऱ्याउँछु" भन्ने उक्ति पूरा भयो । भैरवसिंह र पासाङले एक अर्कामा पहिलो चरणको चिनजान गरे नजिकैको चमेनाघरमा बसेर । यो आमनेसामने बसाइमा कुरा धेरै खुलेन अप्ठ्यारो मानी मानी दुवैले थोरै बोल्न भ्याए । बोल्ने विषय नै मनको फाँटबाट जिब्रोसम्म वरन सकेन ।

"घर कता हो ?", भैरवले बार्तालाको ढोका खोल्यो, "मेरो नाम भैरवसिंह थारू । घर दाङ कोइलापानी ।" पासाङको जवाफ नपर्खी उसले परिचयको सार टुइयाइहाल्यो । "मेरो घर मेलम्ची, नाम पासाङ थिङ ।", भैरवले खोलेको परिचयको ढोकामा पासाङ बल्ल प्रवेश गरी, निकैबेरको आनाकानीपछि । आधा प्लेट मो:मो मगाएर खाउञ्जेल कति नै बोल्न भ्याइन्छ र ! फेरि घर मालिकको समयसीमाले बाँधेको छ । उनीहरू निर्वन्द्व छैनन् । हिच्किचाउँदै पासाङले सोधी, "बस्ने घर कहाँ हो ? मेरो माने अहिले बसेको घर ?" भैरवसिंहले थोरै जिस्किने भावमा भन्यो- "म त निकै टाढाको मान्छे । सस्तो तरकारी किन्न र रामो मान्छे हेर्न स्वाकोबाट यहाँ आउँछु ।"

चमेनाघरमा ग्राहक आउने जाने भैरहन्छ । यस्तोमा पहिलोचोटि भेटेका युगल जोडीले मनको पोको खोल्न नसक्नु स्वभाविक हो । खाइसकेर उनीहरू उठे । "ल अब छुट्दु ।", दुवै आ-आफ्नो पैसा तिरेर विदा भए । पासाङले यति मात्र भनी "सात बजेछ । मालिक्नीको छोरो टयुसनबाट आउने बेला भो । खान दिनुपर्छ ।" त्यहाँबाट चापागाउँतिर हिंडेकी पासाङको बाटो परस्पम पहिल्यायो भैरवसिंहले । त्यस सालको दशैं छेकमा भैरवसिंह र पासाङले दक्षिणकाली मन्दिरमा भेट्ने मौका जुराए । त्यस दिनसम्म भेटेको आ-आफ्नो जिन्दगीका पानामा लेखिएका कथा उपकथा साट्ने भए ।

पासाङ बिहानको दश बजेतिरै दक्षिणकाली पुगी । उसले नयाँ कुर्ता सलवार फिकेर लाएकी थिई । सेतो भुइँमा रातो फूलबुट्टा छाप भएको कपडाले पासाङको जिउडालमा चमक थपेको थियो । कपाललाई चुल्ठीमा बाटेर एउटा निखर सेतो बन्धनले अड्याएको र दाहिनेपट्टि नक्कली गुराँसको सजावट टाँसेको थियो । नजानिँदो फिक्का लाली पोतेकी थिई, ओठमा । सोझो मनको सादा आभूषण ।

भन्ने डेढ घण्टापछि भैरवसिंह आइपुग्यो । कुनै फिल्मको नायकको नक्कलमा उसले कालो चस्मालाई टाउकोमाथि अड्याएको थियो । सेतो गन्जी बाहिर इस्कोट अनि सेतो पाइन्ट्मा ऊ आफूलाई यहाँ चलचित्रको नायकत्व ग्रहण गर्न आएको भान गरिरहेको थियो । "छया, कति ढिलो !", पासाङको मुख छिट्टो भयो आज । "होइन क्या, बल्खुमा दक्षिणकाली आउने बस पर्खिदा ढिलो भयो । फेरि मालिकलाई बिहान चिया नास्ता बनाइदिनु पऱ्यो नि त !"

दक्षिणकाली माईको दर्शन सकेर बसपार्क छेउको एक खाजाघरमा बसे उनीहरू । खुवा र खीरले पेटका मुसा मारेपछि केही एकान्त ठाउँको खोजीमा लागे, र लप्सीको फेदमा अड्डा जमाए । आज उनीहरू खुल्ला आकाश र दक्षिणकाली वनको शीतल हावामा उन्मुक्त सास फेरिरहेका छन् - स्वतन्त्र, निर्वन्द्व र निशङ्कोच । "कता जाने भनेर निस्क्यौ घरबाट ?", भैरवले रुखको फेदमा आफ्नो रुमाल ओछ्याएर बस्यो र गफको सिलसिला झिक्यो । "के भन्छ, अँ, बौद्धमा दिदीको कोठा जाने भनेर निस्केको ।" "अनि तिमीले पनि ढाँटेरै आएको होला !", पासाङले अलि चोटिलो जवाफ दिई । अनौपचारिकतामा खुल्न मजा हुन्छ । खोलेर मन बगाउन पाइन्छ । दुवैलाई यो मञ्जुर छ । विगतका जीवन भोगाइका सबैखाले परि दृष्यमा मनको वह पोखे पालैपालो । घर परिवारको कुरा, घरबाट निस्केर हिंडेपछि पाएको हण्डर, काम गर्ने ठाउँमा खेपेको सास्ती, घर मालिकको हप्दीदप्दी सबै गफका विषय बने ।

"गाउँमा माउवादीको डर थियो । एकजना दिदी बौद्धमा गलैंचा फेक्ट्रीमा काम गर्थ्यो, त्यहीं आएर बस्यो ।", पासाङले आफ्नो लेकाली लवजमा भनी । "म त घरबाट भागेर हिंडेको । घरको काम गर्नु एकदम गाह्रो लाग्ने । अनि स्कूलको कापी, पेन्सिल र चप्पल किन्न पैसा नै नहुने । कोइला खानीमा काम गर्दै स्कूलका लागि चाहिने पैसा कमाउन । आठ कक्षामा पढ्दा एउटा साथीले शहरमा रामो काम पनि पाइन्छ र पढ्ने स्कूल पनि रामो हुन्छ भनेर लोभ देखायो । दुवैजना घरबाट भागेर हिड्यौं । हो, माओवादीहरू हाम्रो गाउँमा पनि खान बस्न आइरहन्थ्यो । मैले त उनीहरूले भनेको कुरा नै बुझिनँ ।", भैरवसिंहको कथा थोरै उक्कियो ।

"अहिले ता तिनैर काठमाडौंतिरै पसिसक्यो भन्छ । अबो लडाइँ नगर्ने रे !", पासाङको भित्री डर केही मत्थर भएजस्तो छ, "यहाँ पनि तिमी हामी जस्तो घरेलु काम गर्ने जवान केटाकेटीलाई माउवादीले लगेको थियो रे- मेरो घर मालिकनीले भनेको । उता नजावस् भनेर आपाले मलाई यहाँ दिदीकोमा राखेको ।" भैरवले कुरालाई अगाडि बढायो, "घोराही बजारमा बालुवा र ईंटा बोक्ने काम गर्थें । त्योबेला मलाई पनि जनमुक्ति सेनामा जाऊँ कि जस्तो लागेको थियो । गरिबी र अन्याय विरुद्ध लड्न मजा आउँछ होला जस्तो लाग्थ्यो । तर दाङको आर्मी ब्यारेकमा माउवादीले आक्रमण गरेपछि सेनाले खोजी खोजी हामीजस्तो अल्लारेलाई समात्न थाल्यो । साथी र म त्यहाँबाट पनि भागेर काठमाडौं छिरेको ।" भैरवको कथा यतिमा सकिएको छैन, तर ऊ रोकियो र पासाङको मुख च्याय्यो । "हन कति डरछरुवा हो यो केटा त !", पासाङले व्यङ्गको झटारो हानी भैरवलाई । उसको ओठमा फुक्लिन लागेको मुक्त हाँसोको फोहोरा गाँठो परेको थियो ।

"अनि तिमीलाई चाहिँ डर नलागेर होला अरूको घरमा काम गर्न काठमाडौं बसेको !," भैरवले पनि सेटारो फर्कायो । पासाङले अनुहार खुम्च्याएर अर्कोपट्टि फर्की, र कड्की होला ! होला ! "अँ अनि पासाङ, तिमीले गलैंचा फेक्ट्रीमा काम गरेको होइन ?" "काम गरेको होइन, सिकेको । त्यहाँ पनि शोषण गर्छ मालिकले । कति महीना त ज्याला नि दिँदैन । केटीहरूलाई लोभ देखाएर बम्बै लैजान्छ भन्थ्यो । माउवादीहरू पसेको अरे त्यहाँ । मालिकले पैसाको मुखबुजो लगाएर फर्काएको अरे !"

केहीबेर रोकिएर पुनः पासाङ बोली, "त्यहाँभन्दा त गाली खाए पनि अहिले बसेको घर मालिकनी ठीक छ । स्कूल जान पाउँछु । पकिट खर्च दिन्छ । मालिक विदेशमा काम गर्छ, आएको बेला नयाँ कपडा र अरू समान किनिदिन्छ । राम्रो, मीठो खान पाएको छ ।" गफै गफमा समय बितेको पत्तो भएन । यहीबेला उनीहरू बसेको हिस्को छुनै खोजेर एउटा यात्रु बस विसौनीतर्फ हुइकियो । बस रोकिएपछि ओर्लेका यात्रीहरूतिर हेर्दै पासाङ र भैरव त्यहाँबाट ओर्लेल पर्न हिंडे । ओर्लेका यात्रीहरूमध्ये एक हुल माओवादीका छापामार जस्ता देखिन्थे । पासाङ र भैरवसिंहले पौवाट लख काटे ।

युद्ध विराम भयो । शान्ति सम्झौता गरियो । माओवादी पछ्युराए जङ्गल पसेकाहरू जति बचेका थिए, गाउँ शहर फर्किए । भूमिगत बसेका माओवादी नेताको भाषण सुन्न र हेर्न काठमाडौंको खुलामन्चमा सर्वसाधारणलाई निषेध गरिएको टुँडिखेल क्षेत्र र रत्नपार्क, भृकुटीमण्डप, भद्रकाली क्षेत्र छोप्ने गरी विशाल जनसागर उर्लियो । माउवादीका नेताहरुले घोको सुक्नेगरी भाषण गरे । अब दुःखका दिनहरु गए भन्दै थिए तर आफ्नो त...

साथी

✍धनराज सिंह

तिमी रामो मान्छेको साथ नछोड्नु है
कसैप्रतिको विश्वास तिमी नतोड्नु है ।
+
तिम्रो खुट्टा तान्ने मानिस हजारौं होलान्
तर, तिमी आफ्नो बाटो नमोड्नु है ।
+
तिमी सचेत भई सफलताको शिखर चुम्नु
कुप्रवृतिका मान्छेसँग नाता नजोड्नु है ।
+
आफ्नो गन्तव्यतर्फ निरन्तर लाग्नु
जीवनको गाडी बिचबाटै नमोड्नु है ।
+
तिमीले आमा बुवालाइ सात दिनु,
दाई भाइलाई पनि सात दिनु है साथी ।
+

सम्मान गर्नुको साटो

✍अमिक बराल

मनको बेमेल किन गछौं, आपसमा किन गछौं फाटो ?
सम्मान गर्नुको साटो, हिंड्छौं प्रतिवादको बाटो ?
।।
बोटअनुसारको फल हुन्छ, खुराकअनुसार बल हुन्छ
सकारात्मक भयाँ भने, डबल नै फल्छ ।
।।
उब्जनीलाई मिल्दो माटो, सबै उस्तै हुँदैन् पाटो
सम्मान गर्नुको साटो, हिंड्छौं प्रतिवादको बाटो ?
।।
जस्तो गुरु उस्तै चेला, सोच्नुपर्छ गुरु छान्ने बेला
भुइँको टिप्न लोभ गर्दा, पर्ला नि अरूकै फेला ।
।।
सानो लोभले ठुलो घाटो, नबनाऊ आफैंलाई टाटो
सम्मान गर्नुको साटो, हिंड्छौं किन प्रतिवादको बाटो ?
।।
बाबुगुनाको बालो हुन्छ, समयअनुसार पालो
आमागुनाको बुद्धि हुन्छ, कर्मअनुसार सिद्धि हुन्छ ।
।।
मन मिलेपछि सबै सजिलो, किन चाहियो फाटो ?
सम्मान गर्नुको साटो, हिंड्छौं प्रतिवादको बाटो ?
।।
रामो कर्मको मीठो फल, हिलो भए पनि पर्छ हात
सम्मानको बाटो रोजेपछि, हुन्छ मीठो जीवन-बात ।
।।
विश्वास र सम्मानले नै, बलियो बन्छ सबै नातो
सम्मानको बाटो रोजौं, अब प्रतिवादको बाटो ।
।।

सेती नदी

कविता :

✍सुरज उपाध्याय

बर्दे आयौ हिमालबाट, नामै तिम्रो सेती
हाम्रा पुर्खा कहाँ लग्यौ, भनिदेऊ न यति ।
हे... सेती, भनिदेऊ न यति ।
।।
बनाएर किनारमा दुङ्गाको सिरानी
आँसु झार्दै आएका हौं, बगाउँदै खरानी ।
त्रिशूली र नारायणी हुँदै पुग्यौ गङ्गा
बाँचिरहेकै छौं आज हामी, यादहरूसँग ।
।।
बर्दे आयौ हिमालबाट, नामै तिम्रो सेती
हाम्रा पुर्खा कहाँ लग्यौ, भनिदेऊ न यति ।
हे... सेती, भनिदेऊ न यति ।
।।
हाम्रो मन चर्किन्छ, तिमी चर्किदैनौ
पुग्छौ तल बज्रालमा, तिमी फर्किदैनौ ।
बोलाउँछ यो मनले, बोल्दै नबोले पनि
तिम्रा पुर्खा यहाँ छन्, भनी भन्दै नभने पनि ।
।।
बर्दे आयौ हिमालबाट, नामै तिम्रो सेती
हाम्रा पुर्खा कहाँ लग्यौ, भनिदेऊ न यति ।
हे... सेती, भनिदेऊ न यति ।

हाँस्दै गरेको देखेर

गजल :

✍तिर्थराज रावका

हाँस्दै गरेको देखेर खुसी छ सोचिरह्यो
यो दुनियाँले हरबखत गलत देखिरह्यो ।
।।
नदीको पुल भएको भए हुने थियो
बगरको पत्थर भएछु, नदीले हानिरह्यो ।
।।
कैद गरेर राखिएको रहेछ पिंजडाभित्र
मलाई चरीको विलापले पिरोलिरह्यो ।
।।
बगेको पानी हो, दुनियाँले प्यास बुझाए गए
खोलाकै नजिकको बगर भने तिखाइरह्यो ।
।।
हरक्षणमा किन हो प्रश्न नै प्रश्न ?
खोइ ? बिरलै सम्झना मात्रै आइरह्यो ।
।।
हिजोआज किन हो कलह मात्रै
तिम्रो त्यो निस्पृहताले सबै सताइरह्यो ।
।।
पलसँगै कुसुम बनी फुलिरहन्छु भन्ने उनी
साथमा खुसी, फेरि नेत्रले देख्न असम्भव रह्यो ।
।।

भुइँकुहिरोको बस्तीमित्र

गीत :

✍वेदिका

भुईमान्छेको धरा छैन, इतिहासको जरा छैन
बास उठ्दा, बस्ती उठ्दा, दुखियाको सहारा छैन
।।
भुईंकुहिरोको बस्तीमित्र, नियतिको घोडा कुद्दा
साना-साना बचेराको आँखामा सपना मर्दा
मध्यरातमा हुरी बलात्कारको हुँकार छुट्दा
न्यायको लडाई लड्ने, छोरी छैन ! छोरा छैन
भुईंकुहिरोको बस्तीमित्र इतिहासको जरा छैन ।
।।
कति बच्छी ? अझै पनि, अत्याचारको साक्षी बनी
इतिहासले धिक्कार्नेछ, कातर र लाछी भनी
बहिनीको लासमाथि ! अन्यायको सङ्गीन पर्दा
तातो खुन बगाई लड्ने छोरी छैन, छोरा छैन
इतिहासको धार बदल्ने, वीरताको जरा छैन !!
।।

जलाएर गयौ

✍रामशरण गैरे

शीतल छाया बन्छु भन्यौ, जलाएर गयौ ।
जिन्दगीलाई उराठ बगर बनाएर गयौ ।
।।
बिदाइका हात हल्लाउँदै तिमी टाढा भयौ
हेर्दाहेर्दै यी नजरबाटै तिमी हराएर गयौ ।
।।
सँगै बाच्छु भन्यौ, तिमीसँगै मर्छु भन्यौ
केवल सम्झना मात्र दिलमा सजाएर गयौ ।
।।
तिमीसँग संसार भुल्दै सपनाहरू बुनिरहँ
लत्याउँदै चोखो माया अन्तै रमाएर गयौ ।
।।
तिमीलाई सम्झी नरोएको कुनै पल छैन
लत्याउँदै मायाको संसार रिसाएर गयौ ।
।।
तिमीलाई खुसी देख्न रुन्न भन्छु तर पनि
हरेक पल आँसुको सागरमै डुबाएर गयौ ।

तपाईंको आज

मेष नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ ।

वृष प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ, प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ ।

मिथुन सम्भावना र अवसर खोजी गर्ने समय छ । आजको मिहिनतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन साथीको सहयोगले हिम्मत दिलाउनेछ ।

कर्कट दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ ।

सिंह केही फाइदा लिन अर्को वस्तु त्यागनु पर्ला । व्यवसायमा लगानी बढाउनु पर्ने समय छ । सरसापटमा धन बाहिरिन सक्ने योग देखिनेछ ।

कन्या स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ । खानपान र आहारविहारमा ध्यान पुऱ्याउनुहोला केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ ।

तुला तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । घुमफिर तथा मनोरञ्जनको समय छ ।

वृश्चिक श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्काले प्राप्त नहुन सक्छ । भएको आम्दानी र सञ्चित रकमसमेत खर्चनु पर्ने योग देखिएको छ ।

धनु भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ ।

मकर श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

कुम्भ आम्दानीका स्रोत पनि बढ्नेछन्, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

मिन समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउने योग छ ।

राम्रो हुँदा वाहवाही

गजल :

✍डा. मुक्तराज लामिछाने

रामो हुँदा वाहवाही, भार स्वीकार छ
विगिँदा म कारवाही, भार स्वीकार छ ।
।।
संगत सधैं सही हुँदैन, नसोचेरै मित्रता
पराई गल्ती भरपाई, भार स्वीकार छ ।
।।
बेग्ली गल्ती गर्ने आदत पालेको छु
खुद मेरै लापरवाही, भार स्वीकार छ ।
।।
थाम्न सक्छु र पो निम्त्याइदिन्छु समस्या
झिनो कसैको बेवफाई, भार स्वीकार छ ।

बनानी वनकी सुन्दरी

कथा :

✍हरिप्रसाद गोर्खा राई

खोज्नु कहाँ जाने ? कहिलेकाहीं मिलिटेरी सर्कलमा रम पिउँदा लघुकथा खुद जन्मा छ । त्यही लोभले म पनि श्रोतावर्गमा सामिल हुने सौभाग्य प्राप्त गर्दा सुनेको कथा हो । हामी अर्थात् यहाँ श्रोतावर्ग ने भनुं, क्याप्टेन राजकहाँ रम पिउँदै थियौं । क्याप्टेन साहेबले हातमा रमको ग्लास लिई, किञ्चित् गुलाबी भएर भन्दै थिए, 'हँ फ्रेन्डस् म केही कथा भन्छु है ।

कथा शुरू हुन्छ यहाँ गोखाँजीको प्रश्नको उत्तरमा यहाँले मलाई सोध्नु हुँदैथ्यो कि मैले मीजो पहाडको जंगलमा छेंदा लैनसेमी भन्ने एक अत्यन्त सुन्दरी केटीलाई मन पराएको थिएँ । खेद छ पछि विप्लवीहरूले उनीहरूको विरुद्ध जासुसी गरी भन्ने कुरा सन्देहले गर्दा मारी पठायो । ऊ थिई निरपराधिनी, याने हाम्रो फौजी बोलीमा बेकसुर । उसको पहेंलो वर्ण, लामो चूल, हाँस्दा गालामा डल्लो पर्दैकै हुने और नजाने के के गुण थियो । लैनसेमीको अर्थ थियो ठूली ! हँ गाउँभरिमा सौन्दर्यमा उनी सबभन्दा ठूली थी । केश लामो थियो ।

म कलशीमा इञ्चार्ज थिएँ । लैनसेमीलाई त्यतिखेर मैले भेटेयें । मन पराएयें । उसको छोटो छोटो बाक्यहरूले मलाई प्रभावित पारेथ्यो, जस्तै राती विदा हुने बेलामा सधैं भन्थी, "माइयाँ" अर्थात् सुन्दर सपना देख्नुहोला । "दामता किन" (शुभरात्रि, विदा) । अनि स्वाभाविकरूपले मैले सपनामा कहिलेकाहीं त्यो हर्दी रंगकी गोरी मीजो युवतीलाई देख्दथें- मेरो अङ्ग-प्रत्यङ्गमा नयाँ शक्ति नयाँ प्राण सञ्चारित हुँथ्यो । अदृभुत आरण्यमा अदृभुत सुनौलो माकुरा जाल टल्किरहेझैं लाग्दथ्यो, तथा म त्यसमा बडो बेग्लै हाँसिनु जानु लागेझैं भान हुन्थ्यो । छक्क पर्थें यसको अन्त कहाँ, कसरी होला ? लैनसेमीले मलाई भन्थी, 'तपाईको आमा-बाबु, भाइ-बैनी, मेरो पनि त बाबु-आमा भाइ-बैनी हुन् । मेटाउन लानुहोस् न ! तर, मलाई पनि दार्जीलिङ हेर्न मन लागेको छ- मलाई पनि सँगै लैजाऊ न ।'

यसोभन्दा पनि उसलाई नलगी एक फेर म एक महीनाको लागि गएथें । फर्कदा आइजलदेखि ट्रक र बसमा यात्रा गर्दै कलशी आने त्यो गाउँमा रात बिताए बिहानै पैदल हाम्रो क्याम्पतर्फ जानु भनी मीजो हिल्सको शीत ढाकने च्यादरले टाउको ढाकी, त्यो उकालो बाटो जहाँ पावर हाउसको इलेक्ट्रिक खाँबो थियो र छेवैमा इलेक्ट्रिकको के बाकस जस्तो थियो । त्यसैको छेउमा उभिई सिग्रेट फुक्दै थिएँ- यो मीजो पहाडको मनोरम प्राकृतिक सौन्दर्यले गर्दा हाम्रो दार्जीलिङको हरियाली, पर्वत हिउँ कञ्चनगंघाको स्मृति हरियो पार्दथ्यो । यस्तो वातावरणमा मेरो सुदीर्घ केही, पातको हर्दी रङ्गकी चपला सुन्दरी बनानीलाई सम्झी भन्न लागिरयें (लेनसेमीलाई मैले बनानी भनी आदर गर्दथें) । पहेंली मेरी बनानी यस्तै कविताको लहर कति जाग्ने थियो जान्दिन तलतिर बाटो कसैले एक्कासि "काप्" भनी डाके झैं सुनें मिजो भाषामा काप् भनेको "महाशय" अथवा "श्रीमान" भनेको हो । झसङ्ग भएर हेरें । यो नारी कण्ठमा श्रीमान् भनी सम्बोधन गर्ने को रहेछ त भनी हेर्दा देखें त्यहीं एकदमै छेवैमा गहिरा लैनसेमी उफं मेरी बनानी ! तर यो क्या रातो अनार झैं अनुहार बहुत दिनसम्म च्याप्टिएर कहेको सुन्तोला कुल्यात्त परेको, कविता जगाउने दीर्घ केशको ठाउँमा चिल्लो कुभिण्डो झैं टाउको ! अचम्म लाग्यो मीजो सुन्दरीको यो हाल देख्दा !

वर्तमान लैनसेमी अथवा जुठो बनानीले भनी, "एमनेफले (वा विप्लवी-दलले) ! तर मलाई डर लाग्दछ कि ती मेरो सतीत्वको, स्वास्थ्यको, भविष्य-नाशको, डाँकुहरूको नाउँ पोल मैलेने हालें भनी चाल पाए मलाई, हाम्रो परिवारका जम्मैलाई जीउँदो रहनदिने छैनन् ।"

मैले भनें, "बनानी, हामीलाई तिनीहरूको क्याम्प कहाँ छ बताइदेऊ । हामी सिक्युउरिटी फोर्स हौं । हामीले तिनीहरूलाई समाती कानूनको हातमा दिनेछौं । यो इलाकामा शान्ति कायम राख्न भनी भारत सर्कारले हामीलाई यहाँ ल्याएका हुन् हामी चेहेरा हेर्नु ल्याएका छैनन् ।" लैनसेमीले मलिन हँसी हाँसेर भनी, "त्यो त जान्दछु प्रिय तर ती डाँकूहरूले कसको घरमा कतिबेला कस्तो छाबेषमा आएर डाँका हाल्छन् तपाईहरूले पो के नै गर्न सक्नुहुन्छ र ? फेरि ग्रामवासी डराउँछन् ! मलाई आँखा बानेर झाईकुटी पार्दै लग्यो- ल्याइँदियो कुन दिशा हो पत्तो छैन । बिहान लगेको, रात झमक्क हुँदा पुगेथ्यौं, यस्तै २०/३० मएल !

रूखपातले छाएको दैलो छ, दैलोको बायाँ तर्फ अगेना छ- दाइनातर्फ बन्दुकहरू छन्, पछिल्लिर मचाइमाथि थाकका थाक गोलीका बाकसहरू छन् ।" यति भनी कलसी सकेपछि कलशी जाऊँ छिट्टो भनी अनि "बाटो हिंड्नु शरम लाग्छ" भन्दा मैले पइाएर कान छोपेको च्यादर लेनसेमीलाई दिएँ र उसले उसको नाङ्गो टाउको ढाकी (भरिया पर्खनु परेन) उसैले मेरो भारीको कुछ हिस्सा बबकी दिई, कुछ मैले हातमा लिई हाम्रो क्याम्प पुग्यौं । दिउँसोको खाना पीना खिलाई उसलाई उसको बाबु-आमा कहाँ पुऱ्याइदिएँ । एकछिन त रुवाबासी नै भयो–आनन्द अश्रु प्रवाहमा तिनीहरू बोलेको दुई एक शब्द बुझिन्थ्यो- "ओह तँ ता मरिस् पो होला भनी ठानेथ्यौं । कठै नानी तेरी आमा तेरो सुतांमा मनं आंटेकी थी । जाती भयो तेरो क्याप्टेन साब भेटिस् । अच्छा तिमी दुई कुरा गर । म पछि अरू कुरा सोधुँला ।" भनी उसको आमाबाबु अगेनातर्फ लाग्यो ।

लैनसेमीको बयानबाट उसको त्यस हालत कसरी भएछ्यो सो यस प्रकार थियो ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७०२३६, समाचार शाखा : ९८०५१०६७०२३६
विज्ञापन शाखा : ९८६५१७५५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष

सामाजिक सञ्जालको सदुपयोग कि दुरुपयोग

डिजिटल युगको प्रेम–विवाह

सुजाता मुखिया

नेपाली समाजमा अनलाइन डेटिङ र डिजिटल माध्यमबाट सम्बन्ध सुरु गर्ने चलन तीव्र रूपमा बढेको छ । तर, प्रश्न पनि छ–के एपमा भेटिएको प्रेम विवाहसम्म पुग्छ ?

२८ वर्षीया श्रेया प्रधानले दुई वर्षअघि एक अनलाइन डेटिङ एपमार्फत् आफ्नो जीवनसाथी भेटिन् । श्रेयाको कथा अब असामान्य छैन । मोबाइलको स्क्रिनभित्र अब प्रेम, विवाह र भविष्यका निर्णयहरू पनि समेटिन थालेका छन् ।

उनी बिनाहिचकिचाहट भन्छिन्, 'पहिले आमाबुवा हेरेर विवाह गर्थे, अहिले गुगल र एप हेरेर गर्छन् ।' पछिल्लो समय नेपाली समाजमा अनलाइन डेटिङ र डिजिटल माध्यमबाट सम्बन्ध सुरु गर्ने चलन तीव्ररूपमा बढेको छ । यससंगै नयाँ प्रश्नहरू पनि उठेका छन् । के डिजिटल 'कम्प्याक्टिबिलिटी' साँचो जीवनमा पनि मेल खान्छ ? के एपमा भेटिएको प्रेम विवाहसम्म पुग्छ ?

श्रेया प्रधान र आदित्य राई बम्बलमार्फत् भेटिए । पहिलो भेट कफी पसलमा भयो, जहां उनीहरू बीच संगीत र यात्राप्रतिको समान रुचिबाट सम्बन्ध बढ्यो । श्रेया भन्छिन्, 'पहिले डर लाग्थ्यो अनलाइनमा भेटेको मान्छे कस्तो होला भनेर । तर, बितारै बुझ्दै गएपछि त्यो सम्बन्ध विश्वासमा बदलियो ।' दुई वर्षपछि उनीहरूले परिवारको स्वीकृतिसहित विवाह गरे ।

अनलाइन डेटिङ :

काठमाडौंका कलेजहरूदेखि देशबाहिर रहेका नेपालीका लागि टिन्डर, बम्बल, ओकेकुपिड, कफी मेट्स बगेलजस्ता एपहरू सामान्य बनेका छन् । अब धेरै युवाले 'चिना' मिलाउनेभन्दा पनि 'मानसिक मिलन' खोज्ने गरेका छन् । यही कारणले अनलाइन प्लेटफर्महरूमा 'कम्प्याटिबिलिटी टेस्ट' रुचि, जीवनशैली, मूल्य र व्यवहार मिलाउने 'एल्गोरिदम' लोकप्रिय हादै गएका छन् ।

नेपालमा अनलाइन डेटिङ गर्ने युवाको संख्या हरेक वर्ष केहि प्रतिशतले बढ्दै गएको बताउंछन्, डिजिटल मिडिया विशेषज्ञ र अनुसन्धानकर्ता प्रवेश सुवेदी । उनका अनुसार, महामारीपछि अनलाइन कुराकानीको संस्कृतिले 'भर्चुअल अन्तराष्टिङयता'लाई सामान्य बनायो । तर, अनलाइन डेटिङ विवाह गर्ने संस्कार पश्चिमा समाज र हाम्रो छिमेकी देश भारतमा पनि पूर्णरूपमा स्वीकार भइसकेको छ । नेपालमा यसको सुरुवात धेरै अघिदेखि भए पनि सफल भएको छैन । अनलाइन डेटिङमा अन्य देशहरू जस्तो नेपाल अभ्यस्त भइसकेको छैन । उनी थप्छन्, 'हाम्रो संस्कृतिमा विविधता भएकाले अझै पनि विवाह गर्दा चिनेजानेको आफन्तकै माध्ययमबाट विवाह गर्ने चलन पूर्णरूपमा हटिसकेको छैन ।' यस्ता एपहरूको प्रयोग गरे पनि विवाह डिसिजन मेकिङसम्म नपुग्ने उनी बताउंछन् ।

कम्प्याक्टिबिलिटी टेष्ट: विज्ञान कि भ्रम ?

अनलाइन डेटिङ एपहरूले अब केवल फोटो हेरेर 'लाइक' गर्ने होइन, व्यक्तित्वको मिलन गर्ने सुविधा पनि दिएका छन् । उदाहरणका लागि ओकेकुपिडले प्रयोगकर्ताको व्यक्तित्व बुझ्न ५० भन्दा बढी प्रश्न सोध्छ ।

'तपाई विवाद हुंदा तुरुन्त कुरा मिलाउन चाहनुहुन्छ कि समय लिनुहुन्छ', 'धार्मिक विश्वास तपाईका लागि कति महत्वपूर्ण छ ?', 'सन्तान चाहनुहुन्छ कि छैन ?' यी प्रश्नहरूको उत्तरका आधारमा एपले 'म्याच पर्सेन्टेज' निकाल्छ ।

तर, प्रवेश सुवेदी भन्छन्, 'यी टेष्टहरूले आधार त दिन्छन्, तर मानिस भावनात्मक प्राणी हुन् । एल्गोरिदमले भावनाको गहिराइ नाप्न सक्दैन ।'

उनका अनुसार, कम्प्याक्टिबिलिटी टेष्टले सम्बन्ध सुरु गर्न सजिलो बनाउंछ, तर दिगो सम्बन्धका लागि 'मानवीय अनुभव' र 'वास्तविक सहअस्तित्व' अझै पनि मुख्य हुन् ।

सामाजिक दृष्टिकोण र शंका

नेपाली समाजमा अझै पनि 'अनलाइनमा भेटेको सम्बन्ध' प्रति केही संशय रहँदै आएको छ । सुवेदी भन्छन्, 'हाम्रो समाजमा विवाह अझै पनि पारिवारिक र सामूहिक निर्णयको विषय हो । अनलाइन डेटिङले त्यो ढांचालाई चुनौती दिएको छ ।'

तर नयाँ पुस्ता यसलाई स्वतन्त्रताको रूपमा लिन्छ । 'हामी आफैंले आफ्नो जीवनको निर्णय गर्न चाहन्छौं । अनलाइन प्लेटफर्मले नयां विकल्प दिएको छ' भन्छिन् काठमाडौंकी २४ वर्षीया रचना कार्की । उनका अनुसार, अहिले युवतीहरूले पनि पहिलेको जस्तो 'कसैले छानेर दिने' संस्कारमा सीमित रहन चाहँदैनन् । डिजिटल प्लेटफर्महरूले छान्ने 'स्वतन्त्रता' दिएका छन् ।

जोखिम र सावधानी :

अनलाइन डेटिङसंग अवसर मात्र होइन, जोखिम पनि जोडिएको छ । अपराध अनुसन्धान महाशाखाका अनुसार, पछिल्लो तीन वर्षमा 'अनलाइन सम्बन्ध' संग सम्बन्धित ठगी, ब्ल्याकमेल र व्यक्तिगत डेटा दुरुपयोगका उजुरी बढेका छन् ।

२६ वर्षकी पायल अधिकारी भन्छिन्, 'एपमा धेरैजसो मान्छे साँचो सम्बन्ध होइन, क्षणिक मनोरञ्जन खोज्दै आउंछन् । सुरुवात रम्रो लाग्छ, तर बिस्तारै संवाद हराउंछ ।' पायलले आफूलाई धोका दिने अनुभव पनि सुनाइन्, 'फोटो अरूको थियो, व्यक्ति अर्कै निक्लियो ।' अनलाइन डेटिङको संसार राम्रो छ, तर त्यहां सबै मानिस साँचो उद्देश्यका साथ नआउने उनी बताउंछिन् ।

विवाहमा डिजिटल प्रभाव

अब विवाहको योजना, तयारी र सम्बन्ध निर्माण सबैमा डिजिटल उपकरणाहरू प्रयोग हुँदैछन् । कम्प्याक्टिबिलिटी टेस्ट मात्र होइन, विवाह योजना गर्ने 'एप्स', बजेट क्याल्कुलेटरदेखि परिवारसंग भिडियो मिडिया मिटिङसम्म, सबैले परम्परागत विवाह प्रक्रियामा नयाँ परिभाषा ल्याएका छन् ।

तर प्रवेश थप्छन्, 'डिजिटल उपकरणले विवाहको निर्णयलाई सजिलो बनाएको छ, तर सम्बन्ध टिकाउन अझै पनि 'भावनात्मक लगानी' चाहिन्छ ।'

नयाँ पुस्ताको दृष्टि:
प्रेम र टेक्नोलोजीको सहयात्रा

युवापुस्ताले टेक्नोलोजीलाई जीवनको हिस्सा मानेको छ । २५ वर्षका सौरभ पौडेल भन्छन्, 'पहिलेको पुस्ताले डायरीमा प्रेम लेख्थे, हामीले स्क्रिनमा लेख्छौं । तर भावनाको गहिराइ उस्तै छ ।' उनका अनुसार, अनलाइन डेटिङले 'आफूलाई बुझ्ने मानिस' खोज्ने सम्भावना बढाएको छ, तर साँचो सम्बन्धको आधार अझै पनि 'विश्वास र समयै नै हो । डिजिटल युगले प्रेम र विवाहलाई नयाँ बाटो देखाएको छ । अनलाइन डेटिङ, कम्प्याक्टि- बिलिटी टेस्ट र डिजिटल प्लेट फर्महरूले सम्बन्ध सुरु गर्न सजिलो बनाए पनि, सम्बन्ध टिकाउने शक्ति अझै पनि पुरानै सूत्रमा छ ।

साभार: नारी मासिक

फिल्म प्रिमियरमा किन झुट बोल्छन् कलाकार ?

फिल्म उद्योगमा प्रिमियरमा गरिने बढाइचढाइपूर्ण प्रशंसा र कथित फिडब्याकले दर्शकमा वितृष्णा पैदा गर्ने गरेको छ । फिल्मकर्मीहरूले स्वस्थ आलोचना नदिँदा सिर्जनात्मकता सीमित हुँदै गएको र गुणस्तर सुधारमा बाधा पुगेको छ । बरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई अर्का कलाकार किरण केसी आएर 'म्वाइँ' खान्छन् । सेकेण्डभरमै अर्की निर्देशक तथा कलाकार दीपाश्री निरौला आएर भन्छिन्-'दाइ यति मज्जा आयो कि-ह्यात्तेरिका, ओएमजी भयो ।'

हलबाहिर युट्युबर तथा मिडियाकर्मीहरूका माइक तेर्सिएका छन् । किरण केसी भन्छन्,-'लामो कुरा नगरौं, समग्ररूपमा पहाड फिल्मले नेपाल बोलेको छ । विदेशमा बसेका नेपालीका लागि र स्वदेशमा केही गरौं भन्ने सन्देश दिएको छ । तुलसी दाइ जस्तो मान्छेले बनाएको फिल्म लाई यसो होला र उसो होला भन्नु नै हाम्रो मूर्खता हुन्छ । पार्ट-पार्टमा, प्वाइन्ट-प्वाइन्टमा राम्रो बनेको छ । विपिन कार्कीको काम त 'उमम. ..म्मा '! अर्को हिरो भाइ, अर्की बहिनीले आगो, ज्यानमारा अभिनय गरेका छन् ।' त्यसपछि माइकमा आउँछन् कलाकार जितु नेपाल ।

उनी भन्छन्- 'सबै कुरा किरण दाइले भनेजस्तै बेस्ट छ । सबैले उत्कृष्ट काम गरेका छन् । राम्रो सिनेमा हेर्न जुरेको रहेछ । सबैलाई शुभकामना ।' फेरि दीपाश्री निरौला थप्छिन्,-'नयाँ वर्षले ठूलो हर्ष ल्यायो । यति धेरै दिग्गज कलाकार र निर्देशकले बनाएको चलचित्रमा यति मिठो कथा बुन्नुभएको छ कि हेर्दै गर्दा एकछिन पनि आँखा झिम्क्याउन सकिन्न । रमाइलो छ । फिल्मको पूर्ण प्याकेज छ ।' हामी चलचित्र 'पहाड' को प्रिमियरपछिको दृश्यको कुरा गर्दैछौं । प्रिमियरबाट निस्किएपछि नियमितजस्तै यसपटक पनि अतिथीहरूसँग प्रतिक्रिया लिइयो । सबैले पूरानै शैलीमा पुग्ने गरी शब्द बाँकी नराखी प्रशंसा गरे ।

तर, रिलिज भएपछि चलचित्र 'पहिलो शो' देखि नै धर्मराउँदै दर्शक आउन थाले । चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार यो चलचित्रले रिलिज भएको २० दिनमा ६३ लाख ९३ हजार १५२ रुपैयाँ मात्र व्यापार छ । यति अचाक्ली प्रशंसा पाएको चलचित्र पनि किन 'फ्लप' भयो ?

काठमाडौंमा आयोजना हुने अधिकांश फिल्मका प्रिमियरमा यस्तै किसिमका प्रशंसाका सुनिन्छन् । चाहे चलचित्र राम्रो बनेको होस्, चाहे नराम्रो । उपस्थित अतिथि पनि त्यस्तै किसिमले बोलाइन्छ, जसले प्रशंसा गरिदियोस्, दुई शब्द घर गएर फेसबुकमा स्टाटस हालिदियोस् । यसको परिणाम के देखिन्छ भने-प्रिमियरमा गरिने बढाइचढाइपूर्ण प्रशंसा र कथित 'फिडब्याक' ले दर्शकमा वितृष्णा पैदा गर्ने गरेको छ । फिल्म उद्योगका नियमित फिल्मकर्मीहरू समेत दुविधामा हुने अवस्था आएको छ । फिल्म उद्योगमा सत्य ओकल्ने भन्दा पनि झुटो र मिठो कुरा गर्ने प्रवृत्ति बढी छ

किन यस्तो भइरहेको छ ?

फिल्म उद्योगका यस्ता दृश्य र उनीहरूको मनोदशा नजिकबाट हेर्दा, यसका केही स्पष्ट कारणहरू देखिन्छन् । पहिलो: सम्बन्ध बिग्रिने डर । धेरैले के सोच्छन् भने, साँचो कुरा भन्यो भने सम्बन्ध बिग्रिन्छ । कामको अवसर गुम्छ । उसले नराम्रो मान्छे । त्यसैले उनीहरू प्रिमियरमा होस् कि बाहिर-'राम्रो छ', 'दमदार छ', 'आगो', खायो, जस्ता शब्द सुन्न मन पराउँछन् । यस्तै खालका बयान गरेर एकले अर्कालाई उचाल्ने नराम्रो प्रवृत्ति छ । भलै भित्रै धेरै सुधार गर्नुपर्ने कुरा हुन्छन्, ती प्रिमियरमा भनिँदैनन् । भन्नुपर्ने कुरा कफी सपका गफमा पोखिन्छन् । किन ? फिल्म प्रिमियरमा किन झुट बोल्छन् कलाकार प्रत्यक्षरूपमा भनियो भने, भन्ने व्यक्ति नराम्रो ठहरिन्छ । सुन्नेले पनि त्यसलाई व्यक्तिगतरूपमा लिन्छ । यही प्रवृत्ति विस्तारै 'कल्चर' कै रूपमा स्थापित हुँदै गएको छ यो उद्योगमा ।

दोस्रो: अहंकार र असहजता । कतिपय फिल्मकर्मीहरू आलोचनालाई व्यक्तिगत आक्रमण जस्तो लिन्छन् । उनीहरूलाई लाग्छ- आलोचना भनेको आफ्नै क्षमतामाथि प्रश्न उठाउनु हो ।

यही सोचले गर्दा साँचो प्रतिक्रिया दिने वातावरण नै कमजोर बनेको छ आजभोलि । तेस्रो कारण- संस्कृतिको कमी । हाम्रो फिल्म क्षेत्रमा खुला संवाद र स्वस्थ आलोचनाको अभ्यास छैन । आलोचना स्वीकार्ने र त्यसलाई सुधारको अवसरका रूपमा हेर्ने बानीको विकास हुँदैन, त्यहाँ फ्ल्याटरी स्वाभाविक रूपमा बढ्छ । तर, यसको असर गम्भीररूपमा देखिएको छ । जब साँचो फिडब्याक हराउँछ, तब सिर्जनात्मकता पनि सीमित हुन्छ । उस्तै किसिमका कामहरू दोहोरिन थाल्छन्, गुणस्तरमा सुधार आउँदैन । फिल्म र सेलिब्रेटीहरूसँग दर्शकसँगको दूरी बढ्दै जान्छ ।

फिल्म उद्योगलाई अगाडि बढाउन चाप्लुसी होइन इमानदार प्रतिक्रिया आवश्यक छ । लामो समयदेखि पत्रकारिता गर्दै आएका समीक्षक तथा फिल्म लेखक सामिप्य-राज तिमल्सेना भन्छन-'चलचित्रको स्वस्थ आलोचना अत्यन्त जरुरी हुन्छ, किनकि यसले कला, समाज र दर्शकबीचको सम्बन्धलाई सन्तुलित र समृद्ध बनाउँछ ।' उनका अनुसार, स्वस्थ आलोचनाले चलचित्रको गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्छ । 'जब समीक्षकहरूले कथा, अभिनय, निर्देशन वा प्राविधिक पक्षहरूबारे वस्तुगत विश्लेषण गर्छन्, त्यसले निर्माता र निर्देशकलाई आफ्ना कमजोरीहरू बुझ्न र भविष्यमा अझ राम्रो काम गर्न प्रेरित गर्छ,' उनी थप्छन् । आलोचना गर्दा नियत सही भए, त्यसलाई सहर्ष स्वीकार्न सक्नुपर्छ । सही नियतका साथ गरिएको आलोचनाबाट डराउन नपर्ने स्वयं चलचित्रकर्मीहरू पनि स्वीकार गर्छन् ।

निर्देशक तथा लेखक मनोज पण्डितका अनुसार, यस्ता इमानदार आलोचनाले दर्शकलाई पनि सही मार्गदर्शन गर्छ । 'सबै दर्शकले सबै फिल्म हेर्न सक्दैनन्, त्यसैले आलोचनाले कुन फिल्म कस्तो छ भन्ने जानकारी दिई समय र पैसा बचाउन सहयोग गर्छ' पण्डित भन्छन्, 'राम्रो आलोचना हुँदा दर्शकले सचेत भएर छनोट गर्न सक्छन् तर अहिले उद्योगमा यो कल्चर अलि भद्रगोल देखिन्छ ।'

स्वस्थ्य आलोचना समाजको दर्पण पनि हो । चलचित्रले समाजका विभिन्न पक्षहरू प्रस्तुत गर्छ, र आलोचनाले ती विषयहरू जस्तैः- संस्कृति, राजनीति, लैंगिक समानता-बारे बहस र छलफललाई अघि बढाउँछ । यसले सिर्जनात्मक स्वतन्त्रता र जिम्मेवारीबीच सन्तुलन राख्छ । आलोचनाले फिल्म निर्मातालाई स्वतन्त्ररूपमा सिर्जना गर्न प्रोत्साहन दिन्छ । साथसाथै सामाजिक जिम्मेवारी पनि सम्झाउँछ । स्वस्थ्य आलोचना बिना चलचित्र क्षेत्र एकतर्फी र स्थिर हुन सक्छ । विश्व बजारको रफ्तारमा जसरी अन्य उद्योग दौडिरहेका छन् त्यसैगरी नेपालको फिल्म उद्योगले फड्को मार्न नसक्नुमा यो पनि महत्वपूर्ण कारण रहेको फिल्म उद्योगका जानकारहरू बताउँछन् ।

त्यसैले सकारात्मक, निष्पक्ष र रचनात्मक आलोचना चलचित्र उद्योगको विकासका लागि अत्यावश्यक हुन्छ । नेपाली फिल्म उद्योगमा बनावटी प्रशंसा क्रमश: 'कल्चर' कै रूपमा स्थापित हुँदै गएको कुरा स्वयं फिल्मकर्मीहरू स्वीकार गर्छन् । निर्माता रोहित अधिकारी फिल्मको प्रिमियरमा गरिने प्रशंसा- लाई दर्शकले अत्यधिक गम्भीर रूपमा नलिन आग्रह गर्छन् ।

सबैले राम्रो मात्र सुन्न चाहनु मानवीय स्वभाव नै भएको अधिकारी बताउँछन् । प्रिमियरमा सबैले सबैलाई राम्रो भन्नुको कारण सम्बन्धले पनि दबाब सिर्जना गर्ने उनको भनाइ छ । 'मेरो फिल्मको प्रिमियरमा वा रिलिजको समयमा अरूले राम्रो भन्छन्, म पनि अरूको फिल्मलाई राम्रै भन्छु' अधिकारी भन्छन्, । प्रिमियरमा भनिएका कुरालाई आधार मानेर दर्शकले फिल्मको पूरा मूल्यांकन गर्न नहुने उनले स्पष्ट पारे ।

'मैले कसैको बारेमा प्रिमियरमा पुगेर केही भनेँ भने त्यसलाई अन्तिम सत्य ठान्नुस् भन्दिन' उनी भन्छन्, 'अरूले मेरो वा अरू कसैको बारेमा जे भन्छन्, त्यसमा पनि त्यति भावुक नहुनुहोस् ।' निर्माता अधिकारीका अनुसार, यस उद्योगमा एकअर्काको चित्त नदुखोस् भन्ने भावनाले हार्दिकरूपमा प्रशंसा गर्ने बानी विकास भएको हो ।

तर, उनी स्पष्टरूपमा भन्छन्,-फिल्मको गुणस्तर सुधार गर्न स्वस्थ आलोचना अत्यावश्यक छ । नेपाली मिडियामा आलोचनात्मक सामग्रीको उपस्थिति निकै कमजोर देखिन्छ । अधिकांश प्लेटफर्महरूमा गहिरो समीक्षाभन्दा बढी प्रशंसात्मक सामग्रीले स्थान पाएको अवस्था छ, जसले सन्तुलित पत्रकारिताको अभाव झल्काउँछ । के होला कारण ? फिल्म पत्रकार तथा लेखक सुशील पौडेलले कतिपय अवस्थामा आलोचनात्मक हुन नसक्नुमा आर्थिक पाटो पनि रहेकोतर्फ इंगित गर्छन् । उनी भन्छन्, 'पछिल्लो समय अधिकांश पत्रकारका आफ्नै न्यूज पोर्टल वा युट्युब च्यानल पनि भएकोले उनीहरूका लागि सेलिब्रिटी आवश्यक परिरहन्छ ।'

सेलिब्रिटीका अन्तर्वार्ताको भ्युज बढी जाने वा एक्स्क्लुसिभ न्यूजको लोभमा त्यस्ता पत्रकार हम्मेसी फिल्मकर्मी वा सेलिब्रिटीका बारेमा नराम्रो लेखेर सम्बन्ध विगार्न नचाहाने अधिकारी बताए ।

: समाप्त :

गृहमन्त्री नहुँदा प्रहरीमा ठुलो संख्यामा सरुवा रोकियो

काठमाडौं/तत्कालीन गृहमन्त्री सुधन गुरुङले राजीनामा दिएपछि प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले नै गृह मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका छन् । गृहमन्त्री नहुँदा नेपाल प्रहरीमा ठुलो संख्यामा सरुवा रोकिएको छ । गत वर्ष सरुवा भएका र अवधि पुगेका प्रहरी निरीक्षकदेखि वरिष्ठ उपरीक्षक (एसएसपी) सम्मको सरुवा रोकिएको हो ।

प्रहरी नियमावली २०७१ अनुसार अधिकृतहरूको सरुवा हरेक एक वर्षमा हुन्छ । २०८२ वैशाख १० मा प्रहरी प्रधान कार्यालयले ३११ जना प्रहरी निरीक्षकको सरुवा गरेको थियो । कार्यअवधि पूरा भएका ती इन्स्पेक्टरमध्ये चैत २ मा २४ जनालाई काज सरुवा गरिएको छ । अरुको सरुवा भएको छैन ।

गत वर्ष वैशाख १० मा प्रहरी प्रधान कार्यालयले १२१ जना डीएसपीको सरुवा गरेको थियो । उनीहरूको कार्यअवधि पूरा भए पनि सरुवा भएको छैन । अघिल्लो वैशाखमा गएका इन्स्पेक्टर र डीएसपीहरू धेरै ठाउँमा इन्चार्जको रूपमा कार्यरत छन् । जिल्ला कमाण्ड गरिरहेका र एक वर्ष पूरा भएका एसपीहरूको पनि सरुवा हुन सकेको छैन । बाग्लुङ्ग, सुदूरपश्चिम ट्राफिक, सिन्धुली, काभ्रे, सर्लाही, महोत्तरी, सुर्खेत, चितवन, पश्चिम नवलपरासी, कपिलवस्तु र कञ्चनपुरमा कार्यरत एसपीहरूको अवधि पूरा भएको छ । त्यसबेला पाल्पा पठाइएका पवन भट्टराईलाई जेनजी आन्दोलनपछि काठमाडौँमा ल्याइएको थियो ।

प्रहरी प्रधान कार्यालयले एसएसपी र प्रदेशका केही डीआईजी पनि फेरबदल गर्ने तयारी गरिरहेको छ । अधिकृतहरूलाई सरुवा गर्नेबारे गृहकार्य भइरहेको प्रहरी प्रवक्ता डीआईजी अबि नारायण काफ्लेले रातोपाटीलाई बताए । उनले भने, 'सिलसिलेबार रिपोर्टिङ गर्नुपर्ने विषयहरू हुन्छन्, अवधि पुगेका अधिकृतहरूको सरुवा प्रक्रियामै छ ।'

सरुवाका लागि प्रहरी प्रधान कार्यालयले यसअघि नै तयार गरेको मापदण्डलाई आधार मान्दै आएको छ । प्रहरीको नेतृत्व र गृहको नेतृत्व परिवर्तन भएसँगै मापदण्ड फेरबदल हुनसक्ने आकलन गरिए पनि अहिले मापदण्ड परिवर्तन नहुने डीआईजी काफ्लेले बताए । प्रहरी नियमावली अनुसार एसपीसम्मको सरुवाको निर्णय आईजीपीले गर्छन् । एसएसपी र डीआईजी सरुवाको निर्णय गृहमन्त्रीले गर्ने व्यवस्था छ । गृह मन्त्रालयमा जेम्स कार्की स्वकीय सचिवको रूपमा कार्यरत छन् । सरुवा गर्नुपर्ने प्रहरी अधिकृतहरूको सूची प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव सुवास शर्माकोमा पठाइएको प्रहरीका एक जना उच्च अधिकृतले बताए । उनका अनुसार प्रधानमन्त्रीको सचिवालयबाट सरुवा सम्बन्धी सहमति आएको छैन । प्रहरीका एक जना उच्च अधिकृतले भने, 'उताबाट सहमति आएपछि सरुवा अघि बढ्ला ।'

काठमाडौँ जान प्रतिस्पर्धा

प्रहरी प्रधान कार्यालयले जिल्ला प्रहरी परिसर काठमाडौंको नेतृत्व पनि परिवर्तन गर्न खोजेको छ । काठमाडौँमा अहिले एसएसपी रमेश थापा छन् । उपत्यका ट्राफिक प्रहरी कार्यालयको नेतृत्व पनि परिवर्तन गर्नेगरी गृहकार्य थालिएको छ । काठमाडौँमा जान एसएसपीहरूको बिचमा प्रतिस्पर्धा सुरु भएको छ । जिल्ला प्रहरी परिसर काठमाडौँको कमाण्ड सम्हाल्न एसएसपीहरू दयानिधी ज्ञवाली, सुरेश काफ्ले, बीरबहादुर बुढा, सुवास बोहरा र अजय केसीले रुचि देखाएका छन् । ज्ञवाली र बोहरा प्रहरी हेड्क्वार्टरको कार्य विभागका कार्यरत छन् । फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबारे रणनीति तय गर्न गठन गरिएको विश्लेषण महाशाखाको नेतृत्व ज्ञवालीले गरेका थिए ।

बोहरा र ज्ञवालीले जेनजी प्रदर्शन हुँदा हेड्क्वार्टर जोगाउन भूमिका खेलेका थिए । विशेष ब्यूरोमा कार्यरत एसएसपी काफ्लेले जेनजी आन्दोलनमा आगजनी सुरु भएपछि न्यायाधीशहरूलाई सुरक्षित स्थानमा लैजान नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । त्यसबेला काफ्ले सर्वोच्च अदालतस्थित सुरक्षा युनिटमा कार्यरत थिए ।

वीरबहादुर बुढा अख्तियारमा र अजय केसी साइबर ब्यूरोमा कार्यरत छन् । काठमाडौं उपत्यका प्रहरी कार्यालयमा कार्यरत प्रविण धितालले पनि काठमाडौंको कमाण्ड गर्न रुचि देखाएको अधिकृतहरू बताए ।

सामाजिक उत्तरदायित्व वहन गरिरहेको एउटा विद्यालय

भरतपुर/एउटा संस्थागत विद्यालय, जसले वर्षौंवर्षदेखि सामाजिक उत्तरदायित्व वहन गरिरहेको छ । विपन्न अभिभावकका छोराछोरीलाई निःशुल्क शिक्षा दिनेदेखि स्वास्थ्य शिविरसम्मका कार्यक्रम चलाइरहेको छ । अध्ययन गर्ने सबै कक्षाका सम्पूर्ण विद्यार्थीलाई सहयोगस्वरुप समान न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ ।

विद्यालयको नाम हो, नेपाल इङ्गिलस स्कुल । यो विद्यालय भरतपुर-११, दीपज्योति टोलमा फुलि–रहेको छ । यस विद्यालयले पठन पाठनका अलावा सामाजिक उत्तरदायित्व वहन गरेर सेवामुखी बनि–रहेको छ । संस्थागत विद्यालय आफैंमा नाफामूलक हुन्छन्, तर नेपाल इङ्गिलस स्कुल सेवामूलक ढङ्गले अगाडि बढिरहेको छ । चर्को शुल्क तिरेर पढाउन नसक्ने अभिभावकका लागि यस विद्यालय वरदानजस्तै बनेको छ ।

विद्यालयका निर्देशक विमलकुमार क्षेत्रीका अनुसार हरेक विद्यार्थीको शुल्क एउटै छ । 'जुन कक्षामा पढे पनि एउटै शुल्क कायम गरिएको छ, अभिभावकसँग शुल्कभन्दा पनि सहयोगस्वरुप न्यूनतम रूपैयाँ मात्र लिइन्छ', निर्देशक क्षेत्रीले भने । उनका अनुसार जुनकुनै कक्षामा पढे पनि अभिभावकसँग महिनाको जम्मा १५ सय रूपैयाँ कायम गरिएको छ ।

शुल्क कम भएकै कारण कमजोर आर्थिक अवस्था हुने अभिभावकको रोजाइमा विद्यालय परेको क्षेत्री बताउँछन् । 'आर्थिक अवस्थाका कारणले पढाउने नसक्ने अभिभावकका छोराछोरीलाई छात्रवृत्तिमा पढाइरहेका छौं', उनले भने, 'विशुद्ध सेवाभावले एउटा शिक्षाको मन्दिरबाट उज्यालो बाल्ने प्रयास गरिरहेका छौं । यो प्रयासमा अभिभावक, विद्यार्थी, स्थानीय, शिक्षक तथा कर्मचारीले पनि होस्टेमा हैंसे गरिरहेका छन् ।'

विद्यालयकी प्रिन्सिपल रञ्जुकुमारी भट्टराईका अनुसार २०६३ सालमा स्थापना भएको यस विद्यालय आठ कक्षामा फैलिएको छ । विद्यालयले खोप कार्यक्रम, स्वास्थ्यका शिविरहरु चलाउँदै आएको छ । 'पढाइका अलावा अन्य सामाजिक क्रियाकलापहरु गरिरहेका छौं, जुन समाजप्रति बढी उत्तरदायी छन्', भट्टराईले भनिन्, 'यस विद्यालयमा स्वच्छ, सुन्दर, सफा वातावरणमा पठनपाठन हुनेमात्रै होइन, टोल विकास संस्थाका साधारण सभादेखि अन्य कार्यक्रम पनि चलिरहेका छन् ।'

आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

मकवानपुरमा २८ हजार बढी सुकुम्बासी

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरमा कुल सुकुम्बासी तथा अव्यवस्थित बसोबासी २८ हजार ८०१ जना । उनीहरुले भूमिहिन दलित सुकुम्बासी समस्या समाधान आयोग समक्ष निवेदन दिएका छन् । नापी कार्यालय मकवानपुरका प्रमुख एवम् तत्कालिन भूमिहिन दलित सुकुम्बासी समस्या समाधान आयोग मकवानपुरका सदस्य सचिव महेश्वर कार्कीका अनुसार निवेदन दर्ता गरेका मध्ये भूमिहिन दलित ४७१ जना रहेका छन् भने भूमिहिन सुकुम्बासी ३ हजार ५८९ र अव्यवस्थित बसोबासीको संख्या २४ हजार ७३७ जना रहेको छ ।

प्रमुख कार्कीका अनुसार हेटौंडा उपमहानगरपालिकामा ६ हजार १२४ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । जसमा भूमिहीन दलित २३६, भूमिहीन सुकुम्बासी १ हजार ८५१ र अव्यवस्थित बसोबासी ४ हजार ३७ जना रहेका छन् । बागमती गाउँपालिकामा २ हजार २०८ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । जसमा ३४ जना भूमिहीन दलित, २८३ जना भूमिहीन सुकुम्बासी र १ हजार ८९५ जना अव्यवस्थित बसोबासी–रहेका छन् ।

बकैया गाउँपालिकामा ८ हजार ८१३ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये भूमिहीन दलित ४४ जना रहेका छन् । भूमिहीन सुकुम्बासीको संख्या ३२८ रहेको छ भने ८ हजार ४४१ जना अव्यवस्थित बसोबासी रहेका छन् । भीमफेदी गाउँपालिकामा रहेका ७७२ भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये ४५ जना भूमिहीन दलित रहेका छन् भने ३३९ जना भूमिहीन सुकुम्बासी र ३९६ जना अव्यवस्थित बसोबासी रहेका छन् । इन्द्रसरोवर गाउँपालिकामा रहेका १२५ भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये ५ जना भूमिहीन सुकुम्बासी रहेका छन् भने १२० जना अव्यवस्थित बसोबासी रहेको पालिकाले जनाएको छ ।

कैलाश गाउँपालिकामा ४४२ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । जसमध्ये भूमिहीन दलित ६ जना, भूमिहीन सुकुम्बासी ६७ र ४६९ जना अव्यवस्थित बसोबासी रहेका छन् । मकवानपुरगढी गाउँपालिकामा रहेका २४३ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये २ जना दलित, ४५ जना सुकुम्बासी र २०० जना अव्यवस्थित बसोबासी रहेका छन् ।

मनहरी गाउँपालिकामा रहेका ८ हजार ३३५ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये १०१ दलित रहेका छन् भने ६१५ जना सुकुम्बासी र ७ जहार ६१९ जना अव्यवस्थित बसोबासी रहेका छन् । राक्सिराङ गाउँपालिकामा भूमिहीन दलित १ जना, सुकुम्बासी २९ र ३०१ जना अव्यवस्थित बसोबासी गरी ३३१ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । थाहा नगरपालिकामा १ हजार २९४ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । जसमा ३ जना दलित, ३९ जना सुकुम्बासी र १ हजार २५२ जना अव्यवस्थित बसोबासी रहेका छन् ।

उक्त तथ्यांक आयोगले सुचना जारी गरे अनुसार बडास्तर बाट संकलन भएका निवेदनको आधारमा तयार गरिएको प्रमुख कार्कीले बताए । उनका अनुसार उक्त तथ्यांकमा सबै नागरिकहरुको पहुँच नपुगेको वा छुटेको पनि हुन सक्छ भने प्राप्त निवेदन माथि जाँचबुझ र अद्यावधिक गर्न बाँकी रहेको छ । भूमि समस्या समाधान आयोगको वेब पोर्टल र स्थानीय तहको समन्वयमा तयार गरिएको उक्त तथ्यांकलाई अध्यावधिक गर्दै केही स्थानमा पुर्जासमेत वितरण गरिसकेको उनले बताए ।

प्रमुख कार्कीका अनुसार पुर्जा वितरण गर्नुअघि प्रमाणीकरण प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । सबैभन्दा पहिले बडा तहबाट भूमिहीनहरूको लगत संकलन र प्रमाणीकरण गर्ने, सो पश्चात स्थानीय तहको कार्यपालिका र अन्तमा जिल्ला समितिले प्रमाणीकरण गरेपछि मात्रै पुर्जा वितरणको प्रक्रिया सुरु हुने उनले बताए । 'सम्बन्धित व्यक्ति बसोबास गरि-रहेको जग्गा दिन मिल्ने खालको छ भने सोही ठाउँमा र नमिल्ने भएमा अन्यत्र जग्गा खोजेर दिने व्यवस्था छ । हेटौंडा उपमहानगरपालिकाका प्रायः सबै बडाहरुमा यो समस्या रहेको र सो बारे अध्ययन भइरहेको छ ।' उनले भने ।

कुन पालिकामा कति पुर्जा वितरण भयो ?

मकवानपुरमा हालसम्म ९८० जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी हल्लाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ । राष्ट्रिय भूमि आयोग र भूमि समस्या समाधान आयोगको जिल्ला समिति मकवानपुरले विभिन्न समयमा गरेका निर्णयहरु अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा उक्त पुर्जा वितरण भइरहेको हो । प्राप्त विवरण अनुसार मकवानपुरका विभिन्न बडाहरुमा गरी १६ जना भूमिहीन दलित र १४४ जना भूमिहीन सुकुम्बासी परिवारले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेका छन् । सो बाहेक ७५ वटा अन्य विभिन्न चरणका कामहरु सम्पन्न भई पुर्जा वितरणको प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

बागमती गाउँपालिकामा सबैभन्दा धेरै पुर्जा वितरण भएको देखिन्छ । बागमतीको बडा नम्बर १ मा ४ जना दलित र ३८ जना सुकुम्बासी, बडा नम्बर २ मा ३० जना सुकुम्बासी र थप ५ वटा काम सम्पन्न भएको छ । बागमतीको बडा नम्बर ३ मा १ जना दलित र ५ जना सुकुम्बासीले पुर्जा पाएका छन् भने बडा नम्बर ४ मा १ जना दलित र १ जना सुकुम्बासी, बडा नम्बर ६ मा ८ जना दलित र २१ जना सुकुम्बासीले पुर्जा पाएका छन् ।

बकैया गाउँपालिकाको बडा नम्बर ७ मा ४० जना भूमिहीन सुकुम्बासीले जग्गाधनी पुर्जा पाएका छन् भने बडा नम्बर ५ मा २ जना दलित र ९ जना सुकुम्बासीले पुर्जा पाएका छन् । हेटौंडा उपमहानगर पालिकाको बडा नम्बर १३ मा ६९ वटा पुर्जा वितरणका लागि काम सम्पन्न भएको छ भने बडा नम्बर १६ मा १ वटा पुर्जा वितरणका लागि आवश्यक प्रक्रिया सम्पन्न भएको छ ।

आधारभूत तहमै विद्यार्थीमाथि निगरानी पुऱ्याउनुपर्छ

सन्देश संवाददाता

हेटौंडा/२०३२ सालमा स्थापित हेटौंडा-९ स्थित प्रगति माविले समय-समयमा कक्षा १० को एसईइमा जिल्लामै उत्कृष्ट नतिजा ल्याइरहेको छ । विगतमा एसएलसी परीक्षामा पनि उत्कृष्ट नतिजा हासिल गर्दै आएको विद्यालयले आफ्नो पहिचानलाई निरन्तरता दिने प्रयास गरिरहेको छ ।

२०६०, २०६१ र २०६३ सालको एसएलसीमा ९६ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएको यस विद्यालयले २०६२ सालमा ८६ प्रतिशत नतिजा प्राप्त गर्न सफल भएको थियो । विगतमा जिल्लामै उत्कृष्ट विद्यालयको पहिचान बनाएको विद्यालयले गत वर्ष १ सय १८ जना विद्यार्थी एसइईमा सम्मावेश भएकोमा ८२ प्रतिशत नतिजा प्राप्त गरेको थियो । जसमा १२ जनाले ३.६ भन्दा माथिको जीपीए हासिल गरेका थिए ।

हाल विद्यालयमा प्राथमिक तहमा १६ जना, निमाविमा ८ जना र माविं तहमा ९ जना शिक्षक दर बन्दी रहेको छ । विद्यालयले १ जना निमाविं तहमा र १० जना प्राविं तहमा गरी ११ जना निजी स्रोतबाट शिक्षकहरु नियुक्त गरेको छ । विद्यालयमा इसीडीदेखि कक्षा ९ सम्म पूर्ण अंग्रेजी माध्यमबाट पठनपाठन हुने गरेको छ । कक्षा १०, ११ र १२ मा अंग्रेजी र नेपाली दुवै माध्यमबाट पठनपाठन हुने गरेको छ ।

विद्यालयले शैक्षिक गुणस्तर सुधारका लागि अधिल्लो वर्ष कक्षाकोठामा हुने सिकाइ प्रभावकारी बनाउन शिक्षकहरुलाई तालिम दिएको विद्यालयका प्रधानाध्यापक किशोर पराजुलीले बताए । कतिपय विद्यालयहरुमा माथिल्लो कक्षालाई बढी ध्यान दिएको पाइए पनि यस प्रवृत्तिलाई तोड्दै सानो कक्षाका बालबालिकाको सिकाइलाई बढी ध्यान दिने निर्णय गर्दै सानालाई ध्यान दिने गरेको पराजुलीको दावी छ । उनले साना बालबालिकाको पठनसीप विकास गर्न शिक्षकलाई तालिम र मूल्याङ्कन गरिएको जानकारी दिए । अधिल्लो वर्ष बालकक्षादेखि कक्षा ५ सम्मको बालबालिकाहरुको पठनसीप विकास तालिम दिइएकोमा यस वर्ष कक्षा ६ र ७ लाई समावेश गर्ने विद्यालयको योजना छ । विशेषगरी भाषा शिक्षकहरुबाट विद्यार्थीलाई पुस्तक विवेचना, विश्लेषण गर्ने पठन संस्कृतिमा बढावा दिने विषयमा तालिम दिने तयारी विद्यालयको छ ।

यस्तै, साना कक्षामा अध्ययनरत विद्यार्थीको पठनपाठनमा ह्रास आइरहेकोले विद्यालयले जेठ महिनाबाटै कमजोर विद्यार्थीलाई अभिभावकको समन्वयमा सुधारात्मक कक्षा सञ्चालन गर्ने तयारी समेत गरिरहेको छ । गतवर्ष कक्षा १० का ७५ जना विद्यार्थीलाई वर्ष विदाको सदुपयोग गर्दै व्यावसायिक सीप विकासका लागि सौन्दर्यकर्मी, कपाल काट्ने, बारिष्टा र इलेक्ट्रिसियनको ७ दिने तालिमसमेत प्रदान गरिएकोमा यसवर्ष पनि कार्यक्रमलाई निरन्तरता दिने विद्यालयले जनाएको छ ।

प्रधानाध्यापक पराजुलीले यस्ता तालिम सञ्चालनले मध्यम स्तरको जनशक्तिसमेत तयार हुने र भविष्यमा कमाउँदै पढ्दै गर्न सहज हुने उल्लेख गरे । भविष्यमा आवश्यकता अनुसार तालिमको विषय फरक हुनसक्ने भए पनि तालिम प्रभावकारी भएको उनको अनुभव छ ।

विद्यालयमा बालबालिकाको पठनपाठनबारे चासो नलिने, चासो लिए पनि समय दिन नसक्ने अभिभावकहरु रहेकोले कक्षाको संयोजक शिक्षकले अभिभावकै समय अनुकूल अभिभावक भेटघाटको व्यवस्थापन गर्ने गरेको पराजुली बताए । उनले अभिभावकहरुसँग आवश्यकता अनुसार व्यक्तिगत छलफल गर्ने गरेको स्पष्ट पारे । गत वर्ष सुरु गरिएकोमा यस प्रभावकारी देखिएकोले यस शैक्षिक सत्रमा पनि निरन्तरता दिने विद्यालयको योजना छ । साथै, अनियमित हुने तथा कक्षामा अनुपस्थित हुने विद्यार्थीको बारेमा विद्यालयले ध्यान दिने छ ।

बागमतीका उद्यमीको साथमा उद्योग निर्देशनालय

सुनिता विष्ट

हेटौंडा/काभ्रेको बनेपा नगर पालिका/१३ भैंसेपाटीकी कमला लामालाई फरक(फरक स्वादको परिकार बनाउने जाँगर लाग्यो । कहिले पिडालुको मस्यौरा त कहिले अमला, लप्सि, मुलाको अचार बनाएर परिवार र आफन्तलाई चखाउँथिन् । उनले बनाउने मस्यौ-राले आफन्तको मत तान्यो । कमलाले बनाएको मस्यौरा मिठो हुन्छ भन्ने थाहा पाएका आफन्त र चिनजानका मानिसले काभ्रे बाहिर पनि मगाउन थाले ।

अचार र मस्यौराको माग बढ्दै गएपछि आफन्तहरुले व्यवसायीक रुपमै अचार बनाउन सुझाव दिए । कमलालाई पनि फरक काम गर्न इच्छा जागिरहेको थियो । सोही क्रममा २०७५ सालमा फ्रुयभल कृषि फार्म लघु उद्योग दर्ता गरेर अचार बनाउन थालिन् । अचारले मात्रै उनको मन भरिएन । त्यसपछि उनले लोकल, रैथाने र मौसमी फलफूलको आइटम बनाउन सुरु गरिन् ।

अमलाको तितौरा, लम्सीको अचारसँगै भोगटेको बोक्राको क्याण्डी बनाउन सुरु गरिन् । भोगटेको बोक्राको क्याण्डीले उनलाई काभ्रेमा मात्रै होइन, बागमती प्रदेश सहित देश विदेशसम्म चिनायो । अन्त कतै प्रयोगमै नआउने भोगटेको बोक्राको स्वादिलो क्याण्डी बनाउन उनले अन्य १२ जना महिलाहरुलाई समेत रोजगारी प्रदान गरिरहेकी छिन् ।

काभ्रेकै बनेपा/७ की सुनिता वैद्य कपडाको ब्याग र चप्पल बनाउन सिपालु महिला उद्यमी हुन् । उनले कपडाको ब्याग, जुत्ता चप्पल, थाकलको ब्याग, प्लाष्टिकको फूल देखि सेनेटरी प्याडलगायतको सामान बनाउँदै आएकी छिन् । केही वर्ष अघि उद्योग कार्यालय, काभ्रेले दिएको तालिममा सहभागी भएकी उनी अहिले अरुलाई तालिम समेत दिन्छिन् । एकल महिला समूह बनाएर काम गर्दै आएकी उनले ५ जनालाई नियमित रोजगारी प्रदान गरिरहेकी छिन् भने ७ जनालाई घरमै काम गर्ने गरी सामान उपलब्ध गराउँदै आएकी छिन् । उनको उद्यम प्रवर्द्धनका लागि स्थानीय सरकार सँगै प्रदेशको उद्योग मन्त्रालय मातहतका कार्यालयहरुलेसमेत विभिन्न सहयोग गर्दै आएका छन् ।

त्यसोत, चितवनको रत्ननगर नगरपालिका/१२ का सुमन भट्ट लामो समय वैदेशिक भूमिमा पसिना बगाएर फर्किएका युवा हुन् । १८ वर्षको उमेरमा इराक पुगेका उनले ३ वर्ष लेबरको काम गरे । घरमा हुँदा गाईगोठमै नपसेका उनलाई विदेशको दुखले गोठको माया फकाईदियो । ५५ डिग्रीको घाममा साबेल चलाउनु भन्दा घर नएर गाईवाछा पाल्छु भन्ने सोच बोकेर उनी घर फर्किए ।

२०६८ सालमा घर आएपछि उनले २५ हजार रुपैयामा एउटा गाई किने । सोही गाईको दूध बेच्दै गाई थप्दै जाँदा दिनमा २५/३० लिटर दूध बेच्न सफल भए । डेरीकै कान्छो र धेरै दूध उत्पादन गर्ने किसानको रुपमा सम्मानित भएपछि सुमनलाई अझ गोठ र माटोप्रति माया गढ्यो । तर घरको बाध्यताले बीचमा उनी दुबई पुगे । दुबईमा ७ वर्ष बसेर केही पैसा जम्मा गरेपछि घर फर्किएका उनी अहिले व्यवसायीक पशुपालक किसान बनेका छन् ।

चितवनकै कालिका नगर पालिका-२ लामाचोककी बुद्धिमाया घलेले २०६२ सालमा चखावाट धागो निकाल्ने तालिम सिकिन् । तालिम पश्चात् ज्यालमा काम गर्न थालिन् । काम सिकिसकेपछि उनलाई आफैले केही गर्नौं भन्ने लागेर २०७५ सालमा वीएम हस्तकला प्रशिक्षण उद्योग दर्ता गरिन् । टोलका महिलाहरुलाई तालिम दिँदै धागो काट्ने, उनको गलैँचा बनाउने र धागोबाटै अन्य सजावटका सामानहरु बनाउन थालिन् ।

उनको उत्पादनको माग जर्मन, अमेरिका, जापान, चिन जस्ता देशहरुबाट आउन थाल्यो । सुरुमा ३ लाख रुपैंया पुँजीबाट सुरु गरिएको उद्यम अहिले ३/४ करोडको पुगेको छ ।

१० जना महिलाबाट सुरु गरिएको उद्यममा अहिले ५ वटा शाखामार्फत ९ सयभन्दा बढी महिलाहरुले रोजगारी लिइरहेका छन् । उद्यम विस्तारमा उद्योग कार्यालय चितवनको सहयोगले उनलाई थप हौसला र अवसर मिलेको छ । स्थानीय स्रोत, सीप र महिलाको मेहनतलाई जोड्दै उनले सफल उद्यमीका रूपमा आफूलाई स्थापित गरेकी छन् ।

यता, चितवनको भरतपुर महानगरपालिका/५ का राम प्रसाद अधिकारीले व्यवसायीक रुपमा गाईभैंसी पालन गर्दै आएका छन् । ३० वटा गाईभैंसी पालेका उनले दैनिक २५० लिटर दूध बिक्री गर्दै आएका छन् । उनको व्यवसायमा पनि बागमती प्रदेश सरकारको साथ छ ।

उनीहरू त बागमती प्रदेशका विभिन्न जिल्लामा रहेर आ।आफ्नो क्षेत्रमा मेहनत गर्दै सफल बनेका उद्यमीका प्रतिनिधि पात्र मात्रै हुन् ।

नयाँ सोच, सिर्जनशीलता र क्षमता भएका उद्यमीलाई साथ र सहयोग गर्दै उद्रेश्यले बागमती प्रदेश सरकारको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, मातहतको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय तथा जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरूले आर्थिक, प्राविधिक र सीप विकाससँगै व्यवसायीक पशुपालक किसान बनेका छन् ।

प्रदेश सरकारले उद्यम शीलता विकास, स्थानीय उत्पादनको प्रवर्द्धन, महिलालाई स्वरोजगारसँग जोड्ने कार्यक्रममार्फत् धेरै उद्यमीलाई आत्मनिर्भर बन्न प्रेरित गरिरहेको छ ।

यस्ता सहयोगले स्थानीय स्तरमै रोजगारी सिर्जना हुनुका साथै प्रदेशको आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव परेको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय बागमती प्रदेशका निर्देशक यादव नाथ आचार्य बताउँछन् । उनका अनुसार बागमती प्रदेशभर उद्योग तर्फ ३ हजार ७५ वटा उद्योग दर्ता भएका छन् भने वाणिज्यतर्फ १ हजार ४२३ उद्योग दर्ता भए सञ्चालनमा छन् ।

लगत संकलन गरी सरकारी जग्गाको अतिक्रमण हटाउँछौं : प्रजिअ अधिकारी

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) बसन्त अधिकारीले जिल्लाभित्रका सरकारी तथा सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउन प्रशासनले सक्रियता बढाएको बताए । संघीय सरकार र गृह मन्त्रालयको परिपत्र अनुसार जिल्ला प्रशासन कार्यालयले स्थानीय तहहरुसँगको समन्वयमा जग्गा संरक्षणको कार्य अगाडि बढाएको बताए ।

उनका अनुसार गृह मन्त्रालयबाट प्राप्त ७-८ बुँदे परि-पत्रलाई सबै स्थानीय तहमा पठाइसकिएको छ । प्रजिअ अधिकारीले नेपाल सरकारको नाममा लालपुर्जा भएका तर व्यक्तिले हडपेका जग्गाहरुलाई प्राथमिकताका साथ खाली गराइने बताए । विशेषगरी मनहरी गाउँपालिकामा रहेको करिब १०५ बिघा जग्गा, टिसौएनको जग्गा, र साविक रोप-वेको जग्गाहरुमा भएको अतिक्रमण हटाउन सम्बन्धित निकायहरुलाई पत्राचार गरिसकिएको उनको भनाई छ । अतिक्रमित जग्गाहरूको विवरण संकलन गर्ने काम तीव्रताका साथ अगाडि बढेको र करिब एक हप्ताभित्रमा सबै तथ्यांक प्राप्त हुने उनले बताए ।

'सार्वजनिक जग्गाको विवरण संरक्षण गर्ने अधिकार स्थानीय तहलाई नै छ । स्थानीय तहबाट विवरण प्राप्त भएपछि र सुकुम्बासी हरुको पहिचान भएपछि जग्गा खाली गराउनुपर्ने भएमा प्रशासनले सुरक्षा प्रबन्ध उपलब्ध गराउनेछ', उनले भने, 'सम्बन्धित निकायले सुरक्षा माग गरेमा हामी तुरुन्तै सुरक्षाकर्मी परिचालन गरेर अतिक्रमण हटाउँछौं ।' उनले सरकारी जग्गा अतिक्रमण र सुकुम्बासी समस्याको विषयमा भने फरक ढंगबाट अघि बढुनु पर्ने बताए । विशेषगरी प्रशासनले सुकुम्बासी हरुको पहिचान गरी व्यवस्थापन गर्ने तयारी गरेको उनले बताए । हेटौंडा-११ लगायतका विभिन्न सुकुम्बासी बस्तीहरुमा को-को बसिरहेका छन् भन्ने बारेमा सूक्ष्म अध्ययन गरिने उनको भनाइ छ ।

'हेटौंडासहित जिल्लाका अन्य सुकुम्बासी बस्तीमा बस्नेहरु वास्तविक सुकुम्बासी हुन् कि अव्यवस्थित बसोबासी हुन । उनीहरु नेपाली नागरिक हुन् कि विदेशी । उनीहरुको पेसा के हो र कतै आप-राधिक गतिविधिमा संलग्न व्यक्तिहरु त छैनन् भन्ने कुराको लगत स्थानीय तहले राख्नुपर्छ । सुकुम्बासीहरुको व्यवस्थापन गर्नुपर्छ । तर गलत विव-रणका आधारमा जग्गा हडप्नेहरुलाई कारवाही गर्नुपर्छ ।' उनले भने ।

मकवानपुर जिल्लाको पश्चिम क्षेत्र राक्सिराङ र कैलाश क्षेत्रमा बसोबास गर्ने प्रजा तथा चेपाङ समुदायको पहिलो अधिकार आफ्नै पहिचान भएकाले सोही अनुसार व्यवस्थापनको लागि तयारी तिव्र रहेको उनले बताए । उनका अनुसार ती क्षेत्रमा धेरै मानिसहरु जग्गा र घर हुनुभन्दा पहिले पहिचान (नाग-रिकता) विहीन छन् । पहिचानविहीन नागरिकलाई नागरिकता दिनु प्रशासनको पहिलो प्राथमिकताको विषय भएकोले त्यसलाई फत्ते गर्नेतर्फ कार्यालय लागेको बताए ।

विज्ञबाट भूमि समस्या समाधान गराउँछौं

सन्देश संवाददाता

काठमाडौं/भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले विज्ञको समितिबाट सरकारले भूमि सम्बन्धी समस्या समाधान गर्ने बताएकी छन् ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको शुक्रबारको बैठकमा बोल्दै उनले विगतमा विज्ञ राख्नुपर्ने भूमि समस्या समाधान आयोगमा राजनीतिक मानिस राखिएका कारण समस्या समाधान नभएको बताइन् । अहिलेको सरकारले विज्ञ संलग्न समिति गठन गरेर यो समस्या समाधान गर्ने मन्त्री रावलको प्रतिबद्धता थियो ।

अव्यवस्थित बसोबासीका सन्दर्भमा पहिचान र व्यवस्थापन बिना केही नगरिने उल्लेख गर्दै मन्त्री रावलले डोजर आतङ्क भनी अतिर ज्जित गरिएको गुनासो गरिन् । पीडित नभई पीडितका आडमा विभिन्न गतिविधि गर्नेहरूमात्र डराउनुपर्ने उनले बताइन् ।

भइरहेको संरचनालाई प्रयोग गरेर नै भूमि समस्या समाधान गरिने र यसका लागि आजै भूमि मन्त्रालयको बैठक बस्न लागेको जानकारी पनि उनले गराइन् ।

बागमती प्रदेशमा बजेट त्याउनु महिनाअघि योजना माग्नेहरुको चहलपहल,

आवश्यकता होइन 'खल्तीका योजना' हावी

हेटौंडा/बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट तयारीलाई तीव्र बनाइरहेका बेला योजना माग्नेहरुको चाप प्रदेशका मन्त्रालयहरूमा अस्वाभाविक रूपमा बढेको छ । बजेट सार्वजनिक हुनुभन्दा करिब एक महिना अघिदेखि नै प्रदेशका विभिन्न मन्त्रालयमा योजना मागका लागि फाराम भर्ने, सिफारिस जुटाउने र पहुँचको आधा-रमा योजना पार्ने दौड सुरु भएको हो ।

गाउँगाउँबाट सर्वसा-धारणहरू आफ्नो क्षेत्रमा केही योजना पार्न सकिन्छ कि भनेर मन्त्रालय धाउने र फाराम भर्ने काममा व्यस्त छन् । तर, विडम्बना के छ भने जनताको आधारभूत आवश्यकता खानेपानी, ढल निकास, विद्युत विस्तार, कृषि सिँचाइ, सडक स्त-रोन्नति जस्ता पूर्वाधारका योजनाभन्दा राजनीतिक पहुँचका आधारमा आउने 'खल्तीका योजना' नै प्राथमिकतामा पर्ने गरेको गुनासो बढ्दो छ ।

हरेक वर्ष प्रदेश सरकारले बजेट निर्माणअघि 'योजना बैंक' मार्फत योजनाहरू संकलन गरी प्राथमिकताका आधारमा छनोट गर्ने नीति बनाउने घोषणा गर्दै आएको छ । योजना बैंकको अवधारणा अनुसार स्थानीय तह, नागरिक र सरोकारवालाबाट आएका योजनालाई आवश्यकता, सम्भाव्यता र दीर्घकालीन प्रभावका आधारमा मूल्यांकन गरेर बजेटमा समावेश गर्नुपर्ने हो । तर व्यवहारमा भने यो प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखिएको छ ।

प्रदेश सरकारका मन्त्रालय हरूमा अहिले योजना मागका फा-रामको चाप बढिरहेको छ । मन्त्रालयमा पुग्ने अधिकांश योजनाहरू साना-साना टुक्रे योजनादेखि लिएर पहुँचवालाले अधि सारेका व्यक्तिगत स्वार्थका योजनासम्म हुने गरेका छन् । तीमध्ये धेरैजसो योजना स्थानीय आवश्यकता र विकासको प्राथमिकताभन्दा पनि नेताहरूको राजनीतिक प्रभाव विस्तार गर्ने माध्यम बन्ने गरेको मकवानपुरगढीवाट योजना मागका लागि भौतिक पूर्वाधार मन्त्रालयमा आएका श्याम घिमिरे बताउँछन् ।

स्थानीय नागरिकहरूका अनुसार कुनै बडामा खानेपानीको चरम समस्या छ, कतै ढल निकास नहुँदा वर्षायाममा बस्ती डुबानमा पर्छ, कतै बिद्युत लाइन विस्तारको आवश्यकता छ ।

तर यस्ता आधारभूत योजना भन्दा मन्दिरको गेट, सामुदायिक भवन, पार्टी निकट समूहका भवन निर्माण, साना सडक ढलान जस्ता योजनाले बजेटमा प्राथमिकता पाउने गरेका छन् ।

योजना छनोटको आधार आवश्यकता र दीर्घकालीन प्रभाव हुनुपर्नेमा राजनीतिक प्रभाव र पहुँच प्रमुख मापदण्ड बन्नु बजेट प्रणालीकै कमजोरी हो । यसले सीमित स्रोतलाई प्रभावकारीढंगले उपयोग गर्न नदिने र विकासलाई असन्तुलित बनाउने विकास निर्माणको क्षेत्रमा काम गर्दै आएका प्राविधिकहरु बताउँछन् । योजना मागनेहरु पनि त्यस्तै छन् ।

पहुँचका आधारमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा एउटै स्थानको काममा लागि ठाउँठाउँमा योजना माग गर्ने, पछि काम गर्ने बेलामा समेत समस्या हुने गरेको प्राविधिकहरु बताउँछन् ।

प्रदेशसभाका केही सांसद हरूले नै आफ्नो निर्वाचन क्षेत्रमा बढी योजना पार्न मन्त्रालयहरूमा दबाव दिने गरेको आरोप लाग्ने गरेको छ । मन्त्रीहरू पनि आफ्ना राजनीतिक आधार क्षेत्रलाई सन्तुष्ट पार्ने गरी योजना केन्द्रित गर्ने प्रवृत्ति देखिने गरेको छ । जसका कारण प्रदेशस्तरीय समग्र विकासको दृष्टिकोण कमजोर बन्ने गरेको जानकारहरू बताए ।

योजना बैंक प्रणालीलाई प्रभावकारी बनाउन सके योजना छनोटमा पारदर्शिता आउने, दोहोरिने योजना रोकिने र वास्तविक आवश्यकता पहिचान गर्न सहज हुने अपेक्षा गरिएको थियो ।

तर प्रदेश सरकारले त्यसलाई संस्थागत गर्न नसक्दा हरेक वर्ष पुरानै शैलीमा बजेट निर्माण हुने गरेको छ । सर्वसाधारणहरू भने फाराम भरेर योजना मारदा आशा बोकेका हुन्छन्, तर अन्ततः बजेटमा आफ्नो क्षेत्रको आवश्यकता समेटिने कि नसमेटिने भन्ने अन्योलमै रहने गरेका छन् । कतिपयले योजना माग प्रक्रिया केवल औपचारिकतामात्र बनेको हेटौंडा-१६ का उजिर कार्की बताउँछन् ।

बागमती प्रदेशमा आगामी बजेट निर्माणको तयारी भइरहँदा यसपटक पनि आवश्यकता र प्राथमिकतामा आधारित योजना छनोट हुन्छ कि फेरि राजनीतिक पहुँच र खल्तीका योजनाले नै बजेट ओगट्छन् भन्ने चासो बढेको छ । प्रदेश सरकारका लागि अहिलेको मुख्य चुनौती सीमित स्रोतलाई जनताको वास्तविक आवश्यकतासँग जोडेर खर्च गर्ने हो । यदि यसपटक पनि योजना बैंकलाई बेवास्ता गरेर पहुँचका आधारमा बजेट बाँडफाँट गरियो भने विकासमा अपेक्षित परिणाम नआउन सक्छ ।

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुका घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं ।

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने